# अध्याय एक (Chapter One)

# परिचय(Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल दुई छिमेकी देशहरु भारत र चिनको बीचमा रहेको भूपरिवेष्ठित देश हो । नेपालको पूर्व पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ । नेपालको कुल भौगोलिक क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । नेपाल २६°२२' देखि ३०°२७' उत्तरी अक्षांश र ८०°४' देखि ८८°१२' सम्मको पूर्वी देशान्तर बिच फैलिएको एक कृषि प्रधान मुलुक हो । नेपालको कृषि क्षेत्रमा ६४.४ प्रतिशत मानिसहरु आश्रित छन् । परम्परागत नेपाली अर्थतन्त्रको मुख्य आधार भनेको कृषी क्षेत्रलाई मानिन्छ तर हाल नेपाली अर्थतन्त्रको संरचनागत परिवर्तन आएको छ । कुल ग्राहस्थ उत्पादनमा कृषि र उद्योगको योगदान घट्दो अवस्थामा छ भने सेवा क्षेत्रको योगदान बढ्दो अवस्थामा छ । यसका साथै वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रेमिटान्स बढ्दो अवस्थामा छ (पौडेल, २०७५) ।

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको बेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ । यसरी एक मुलुकबाट श्रम बजारको श्रम शक्ति अर्को मुलुकको श्रम बजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नुलाई बैदेशिक रोजगार भनिन्छ (कानुन किताब व्यवस्था समिति, २०६४) ।

वैदेशिक रोजगारकोनेपालमा लामो इतिहास छ । सन् १२०० को सुरुवाततिर विख्यात कलाकार अरनिको छिमेकी देश चीनतर्फ र पछि बलभद्र कुँवर लाहोरका शासकको फौजमा भर्ति भएको इतिहासमा उल्लेख छ । तर प्रथम विश्वयुद्ध पछि नेपाली युवाहरु ब्रिटिस सेनामा भर्ति भए पश्चात नेपालीहरुको वैदेशिक रोजगारीले केही व्यापकता पायो । भारत र बेलायत बाहेकका अन्य देशका अनौपचारिक क्षेत्रमा

काम गर्न जानेको संख्या सन् १९९० को दशकमा आएको विश्वव्यापीकरण र खुला बजार नीति तथा नेपालमा भएको राजनैतिक परिवर्तन पछि कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्री कालमा सबैलाई राहदानी सहजतापूर्वक परराष्ट्र मन्त्रालयबाट उपलब्ध गराउने निर्णयले वैदेशिक रोजगार आम नेपालीको पहुँचमा पुग्यो । वैदेशिक रोजगार आजको समयमा नेपालीहरुको बाध्यताको उपज भएको छ । देशको आर्थिक र सामाजिक विकासको प्रमुख कारक तत्वको रुपमा अझै केही वर्ष वैदेशिक रोजगारी हुने देखिन्छ (हिमालखबर,२०७६)।

विगत लामो समयदेखि वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आयबाट गरिबी निवारण र आर्थिक क्रियाकलापहरु विस्तारमा महत्वपूर्ण योगदान रहँदै आएको छ । नेपालको कुल ग्रार्हस्थ्य उत्पादनको अनुपातमा उच्च विप्रेषण भित्र्याउने मुलुकहरुको सूचीमा रहेको छ । विगत १० वर्षको औषत विप्रेषण आप्रवाह कुल ग्रार्हस्थ्य उत्पादनको अनुपातमा २५ प्रतिशत रहेको छ । नेपालको वैदेशिक रोजगारीका प्रमुख गन्तव्यहरुमा कतार, मलेशिया, साउदी अरब, संयुक्त अबर ईमिरेट्स,कुवेत र दक्षिण कोरिया  रहेका छन् । पछिल्ला वर्षँहरुमा साईप्रस, रोमनिया, माल्दिभ्स, माल्टा, जोर्डन, टर्की जस्ता देशहरुलाई नेपाली युवाहरुले रोजगारीको गन्तव्य बनाएको देखिन्छ । नेपाल सरकारले संस्थागत रुपमा ११० देशहरुलाई वैदेशिक रोजगारीको लागि खुला गरेको छ भने व्यक्तिगत रोजगारीमा जाने प्रयोजनको लागि खुला गरेको देशहरु १७२ छन् । आर्थिक वर्ष २०७६/७७ को फागुन सम्म १ लाख७२ हजार पुरुष र १८ हजार महिला गरी कुल १ लाख ९० हजार कामदार वैदेशिक रोजगारीमा गएका छन् ( अर्थमन्त्रालय, २०७७) ।

नेपालबाट विदेश जाने थालनी करिब २०० वर्ष पहिले अर्थात् सन् १८१४ मा नेपाल र इष्टइन्डिया कम्पनी सरकार बीच भएको युद्ध समाप्ति पछि भएको पाइन्छ । यसरी सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको हो । संगठित र असंगठित रुपमा विदेशी सैनिक सेवा र अन्य कामदारको रुपमा नेपालीहरु

विदेश जाने क्रम धेरै लामो समयसम्म चलिरहेको पाइन्छ । विगत २० वर्ष देखि नेपाली कामदारहरु मुख्य रुपमा खाडी मुलुक तथा मेलसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द्व तथा स्वदेशी उद्योग तथा कलकारखनाहरु क्रमश: बन्द हुँदै जानु पनि हो ।नेपालीहरु विदेशिनुमा शिक्षित तथा बौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, मौसमी रोजगार, साथीभाइ गएको देखेर, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उद्योगबाट उत्पादित सामानले विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेर धरायसीमा पर्न थयो । यसरी नेपालीहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो (कुमारी, २०७०) ।

नेपालको वैदेशिक रोजगारीको प्रमुख गन्तव्यहरुमा कतार, मलेशिया, साउदी अरब, संयुक्त अरब ईमिरेट्स, कुवेत र दक्षिण कोरिया रहेका छन् । पछिल्ला वर्षहरुमा साईप्रस, रोमनिया, माल्दिभ्स, माल्टा, जोर्डन, टर्की जस्ता देशहरुमा नेपाली युवाहरुले रोजगारीको गन्तव्य बनाएको देखिन्छ । आर्थिक सर्वेक्षण २०७६।७७ को फागुनसम्म वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ५० लाख ४१ हजार रहेको छ । भने ४७ लाख ९२ हजार कामदार बैदेशिक रोजगारीमा गएका छन् । यसमध्ये ४५ लाख ५५ हजार पुरुष र २ लाख ३७ हजार महिला रहेका छन् । वैदेशिक रोजगारमा गएका मध्ये १.५ प्रतिशत दक्ष, २४.० प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष कामदार रहेका छन् । २०७६ को फागुन सम्म १४४१ म्यानपावर कम्पनीहरुले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजत प्राप्त गरेका छन् । जसमध्ये सक्रिय ५७.५ प्रतिशत र निष्क्रिय २८.१ प्रतिशत रहेका छन् भने १४.४ प्रतिशत म्यानपावर कम्पनीहरु प्रतिबन्धित रहेका छन् । वैदेशिक रोजगारीमा गएका कामदारको देशगत विवरण हेर्ने हो भने सबैभन्दा बढी मलेशियामा १३,६२,८२४ जना, कतार १३,०१,०२७ जना, साउदी अरब ९,६६,३१० जना, यूएई ६,८७,२९२ जना, कुवेत १,६६,७३२ जना, बहराइन ५९,८३५, ओमन ३९,८८८ दक्षिण कोरिया ४३,११४, लेवनान १२,७७९,

इजरायल ६,८३१, अफगानिस्तान १४,७७३, जापान २०,२९३ र अन्य १,१०,३९८ गरी कुल ४७,९२,०९६ कामदार वैदेशिक रोजगारीमा गएका छन् । विगत १० वर्षको औषत विप्रेषण आप्रवाह कुल ग्रार्हस्थ्य उत्पादनको अनुपातमा २५ प्रतिशत रहेको छ ( अर्थमन्त्रालय, २०७७) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

वर्तमान समयमा नेपाली युवाले रोजगारी नपाउनु नै अहिलेको नेपालमा देखिएको एउटा मुख्य समस्या हो । नेपालमा रोजगारीका अवसरको पर्याप्त उपलब्धता नहुँदा उच्च शिक्षा हासिल गरेका तथा प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरेका युवा विदेश पलायन हुने तथा सामान्य किसिमका शिक्षा हासिल गरेका तथा अशिक्षित युवाहरु पनि वैदेशिक रोजगारको निम्ति विभिन्न देशहरु जाने क्रम बृद्धि भइरहेको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले परिवार, समाज र राष्ट्रलाई सकारात्मक दिशातर्फ दोहोऱ्याउन महत्वपुर्ण भूमिका खेलेको छ । विश्वव्यापीकरणको माहोल सँगै सूचना र प्रविधिको तीव्र विकासले गर्दा आज प्रत्येक नेपालीहरुलाई आफ्नो बालबालिकाहरुको भविष्यप्रति चासोको विषय बनेको छ । एक्काइसौं शताब्दि अनुकूल प्रतिस्पर्धी नागरिक तयार गर्न, गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरुलाई प्रदान गर्न र गुणस्तरीय शिक्षा आफ्ना बालबालिकाहरुलाई प्रदान गर्ने दायित्व पनि बढ्दै गएको छ । चरम बेरोजगारी तथा अवसरको कमीले गर्दा बालबालिकाहरुको दायित्व निभाउन नसकिरहेको वर्तमान अवस्थामा वैदेशिक रोजगार अहिले आवश्यकता परिपूर्ति गर्ने माध्यम बनेको छ । यसकारण वैदेशिक रोजगारीले बालबालिकाहरुको शिक्षामा कस्तो प्रभाव पारेको छ भनी अध्ययन गर्नु नै यस अध्ययनको मुख्य कथन रहेको छ । यस अध्ययनको क्षेत्र छथर गाउँपालिका, तेह्रथुम रहेको छ ।

नेपालमा शिक्षित वा माथिल्लो स्तरका प्राविधिक ज्ञान हासिल गरेका युवाहरु विदेश पलायन हुने गर्दछन् भने यस देखि बाहेक देशमा रहेका सामान्य शिक्षा प्राप्त गरेका अशिक्षित युवाहरु समेत वैदेशिक रोजगारका लागि जाने क्रम तिव्र गतिमा

बढिरहेको छ । यसमा पनि न्यूनतम सामान्य आर्थिक अवस्था भएको युवायुवतीहरु आफ्नो देश तथा गाउँ, घरपरिवार छोडेर विदेशिन बाध्य हुनुपरेको छ र यस्तो कार्य तिव्र रुपमा बढिरहेको छ । नेपाल गाउँ नै गाउँले भरिएको राष्ट्र हुँदा नेपालमा धेरैजसो ग्रामीण क्षेत्रमा युवायुवतीहरु कम मात्रामा रहेको पाइन्छ । ग्रामीण क्षेत्रका धेरै जसो युवा पुस्ताहरु धेरैजसो वैदेशिक रोजगारमा गएको अवस्था छ । आफ्ना सम्पूर्ण घरपरिवार साथीसंगी तथा राष्ट्रलाई छोडेर युवाहरु वैदेशिक रोजगारीका लागि विभिन्न खाडी राष्ट्रमा जान्छन् । यसप्रकार वैदेशिक रोजगारीको वर्तमान अवस्था कस्तो छ ? वैदेशिक रोजगारले बालबालिकाहरुको शिक्षामा कस्तो प्रभाव पारेको छ ? भनी अनुसन्धान गर्नु यस अध्ययनको उद्देश्य रहेका छन् ।

आफू र आफ्ना परिवारको सुन्दर भविष्यको परिकल्पना गर्दै विदेशिने युवाहरुबाट प्राप्त आय र विप्रेषणले बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् ? वा प्राप्त विप्रेषणले बालबालिकाहरुको शिक्षामा कस्तो पारेको छ ? शैक्षिक स्थिति वृद्धि भएको छ ? किन गरिब तथा पिछडिएका समूहका युवाहरु धेरै जसो खाडी राष्ट्रमा जाने क्रम बढ्दै छ ? यस्तो अवस्थामा वैदेशिक रोजगारीको वर्तमान अवस्था र प्राप्त आय वा विप्रेषणबाट उनीहरुको बालबालिकाहरुको शिक्षामा पारेको प्रभावको गहिरो अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य(Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य तेह्रथुम जिल्लाको छथर गाउँपालिकामा वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्न प्रकार छन् :

(१) वैदेशिक रोजगारीको वर्तमान अवस्था पत्ता लगाउनु ।

(२) वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्नहरु (Research Questions)

यस अध्ययनमा तेह्रथुम जिल्लाको छथर गाउँपालिकाका वैदेशिक रोजगारीका लागिगएका युवाहरुलाई वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा कस्तो प्रभाव रहेको छ भन्ने कुरालाई आधार मानी निम्नलिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(क) तेह्रथुम जिल्ला छथर गाउँपालिका भित्र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको वर्तमान अवस्था कस्तो छ ?

(ख) गाउँपालिका भित्रका वैदेशिक रोजगारीमा जाने घरपरिवारहरुको बालबालिकाहरुको शिक्षाको अवस्था कस्तो रहेको छ ?

(ग) हाल रोजगारीको निम्ति विदेश जाने घरपरिवार छथर गाउँपालिकामा कति रहेका छन् ?

(घ) वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभाव कस्तो छ ? के वैदेशिक रोजगारबाट प्राप्त आयले बालबालिकाको शिक्षामा कुनै परिवर्तन आएको छ ?

## १.५ अध्यनको महत्व (Significance of the Study)

नेपाल कृषि प्रधान मुलुक भएको हुनाले सबैभन्दा बढी मानिसहरु कृषि पेशामा संलग्न छन् । परम्परागत कृषि प्रणालीले गर्दा कृषकहरुलाई आफ्नो बिहान बेलुकाको छाक टार्न पनि धौ धौ हुनाले आम नेपाली युवाहरु वैदेशिक रोजगारीमा होमिनु परेको छ । यस अध्ययनमा वैदेशिक रोजगारीको लागि विदेश पलायन भएका नेपाली युवाहरुको वर्तमान अवस्था तथा बालबालिकाहरुको शिक्षामा पारेको प्रभाव विश्लेषण गरिएको हुनाले सम्बन्धित विषयवस्तु माथि चासो राख्ने व्यक्तिहरुको लागि उपयोगी हुनेछ ।

यो अध्ययन तेह्रथुम जिल्लाको छथर गाउँपालिकाबाट वैदेशिक रोजगारीका लागि विदेश जाने श्रमशक्तिको वर्तमान अवस्था कस्तो छ तथा समाजमा आफूलाई कसरी स्थापित गराएका छन् भन्ने कुरा पत्ता लगाउन उपयोगी हुनेछ । यसका साथै वैदेशिक रोजगारीले बालाबलिकाहरुको शिक्षामा कस्तो प्रभाव देखा परेको छ भन्ने कुरा महत्वपूर्ण रहने छ । साथै यस अध्ययनले यस क्षेत्रसँग सम्बन्धित विभिन्न अप्रमाणित तथ्यहरु तथा वर्तमान अवस्थाको ज्ञान प्राप्त गर्नुको साथै विगतको अवस्थाहरु समेत थाहा पाउन मद्दत गर्नेछ । वैदेशिक रोजगारीको बारेमा चासो र खोजी गर्ने व्यक्तिका साथै पछि आउने अनुसन्धानकर्ता लगायत सम्बन्धित तहमा नीति निर्माणमा जुटेका व्यक्ति तथा संस्थालाई पनि सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधिको तिव्र विकासको कारण एक ठाउँमा उत्पन्न भएको ज्ञान छिनभरमै विश्वसामु छरिन पुग्दछ । यसरी सूचना तथा सञ्चार प्रविधि सँग प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु हरेक अभिभाकहरुको सामु चुनौतिको विषय बन्न पुगेको छ । एकातिर विद्यमान बेरोजगारीको अवस्था छ भने अर्कोतिर आफ्नो सन्तानहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने चुनौति अभिभावकहरुमा रहेको छ । यस्तो अवस्थामा रोजगारको निम्ति युवाहरु देश बाहिरिनु बाध्यात्मक साथै अवसर दुवै विद्यमान रहेका छन् । विदेशमा दुःख गरेर ल्याएको पैसाले आफ्नो बालबालिकाहरुको शिक्षामा कस्तो परिवर्तन ल्याएको छ भनि यस अध्ययन केन्द्रित हुने भएकोले अझ थप यस अध्ययनको महत्व हुनेछ ।

## १.६ अध्ययनको परिसिमा(Delimitation of the Study)

अध्ययनकर्ताको समय, लागत र आवश्यक पर्ने जनशक्तिको सीमितताको कारण यस अध्ययनलाई निम्न सीमाभित्र रहि सम्पन्न गरिएको छ ।

(क) यो अध्ययन नेपालको तेह्रथुम जिल्लाको छथर गाउँपालिका वडा नं. १ भित्र सीमित गरिएको छ ।

(ख) यस अध्ययनमा वैदेशिक रोजगारीका लागि साउदी अरब, कतार, मलेसिया, दुवाइ लगायतका खाडी राष्ट्रमा गएका व्यक्तिहरुलाई मात्र समेटिएको छ ।

(ग) कानुनी प्रक्रिया पूरा गरेर विदेश गएका मानिस र उनीहरुको परिवारलाई मात्र समावेश गरिएको छ ।

(घ) यस अध्ययनमा वैदेशिक रोजगारको सिलसिलामा वि.सं. २०६६ देखि २०७६ सम्म कम्तिमा १ वर्ष बसेर फर्केका व्यक्तिहरुलाई मात्र समावेश गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा(Definition of Key Words)

नमुना - ठूलो जनसंख्याबाट छनोट गरिएको प्रतिनिधिमूलक समूह

साक्षर - पढ्न लेख्न जान्ने

निरक्षर - पढ्न लेख्न नजान्ने

विप्रेषण - वैदेशिक रोजगारबाट प्राप्त हुने आय

आम्दानी - वस्तु तथा सेवा बिक्री गरेवापत प्राप्त गरिएको रकम

खर्च - वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम

## १.८ अध्यनको संगठन (Organization of the Study)

यो अध्ययनलाई व्यवस्थित बनाउनको लागि निम्न ५ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको परिसीमा र अध्ययनको संगठनबाट समावेश गरिएको छ ।

दोस्रो अध्ययनमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्वसाहित्यको पुनरावलोकन, अनुसन्धान अन्तर र अवधारणात्मक संरचनालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि र तौरतरिका, अध्ययनको ढाँचा, तथ्यांकका स्रोतहरु, जनसंख्या, नमुना आकार र नमुना छनोट रणनीति, तथ्यांक संकलनका औजारहरु तथ्यांक संकलन विधि समावेश गरिएको छ ।

चौथो अध्यायमा परिणामको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

पाँचौ अध्यायमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

## अध्याय दुई (Chapter Two)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा अनुसन्धान विषयसँग सम्बन्धित यसभन्दा अघिका विभिन्न प्रकाशित तथा अप्रकाशित लेख रचना, नेपाल सरकारले प्रकाशन गरेको आधिकारिक सूचना तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरालोकन (Review of Theoretical Literature)

दाहाल, कुसियैत र खनाल (२०६९) ले प्रोफेसर लेविसले विकास गरेको श्रमको असीमित आपूर्ति सम्बन्धी आर्थिक विकासको सिद्धान्तलाई विश्लेषण गर्दै भनेका छन् । शास्त्रीय अर्थशास्त्रीहरुले जसरी नै लेविसले पनि विकशित देशहरुमा जीवन निर्वाहस्तरको ज्यालादरमा श्रमशक्ति असीमित मात्रामा उपलब्ध हुने विचार व्यक्त गरेका छन् । त्यस्ता देशहरुमा उपलब्ध श्रमशक्तिलाई जीवन निर्वाहको क्षेत्रबाट हटाई पूँजीवादी क्षेत्रमा लगाउँदा पूँजी सञ्चय भई आर्थिक विकास सम्भव हुन्छ किनभने अर्थतन्त्रको पूँजीवादी क्षेत्रले पुनः उत्पादन हुने पूँजीको प्रयोग गर्दछ तथा पूँजीवादीहरुले त्यस्तो प्रयोगमा भुक्तान गर्दछन् । उक्त क्षेत्रले नाफा आर्जन गर्नका लागि श्रमिकहरुलाई ज्याला दिई विभिन्न प्रकारका क्षेत्रहरुमा रोजगारी दिइरहेका हुन्छन् । अर्कोतिर जीवन निर्वाह क्षेत्रले पुनः उत्पादन हुने पूँजीको प्रयोग नगर्ने हुँदा यस क्षेत्रको प्रतिव्यक्ति उत्पादन पूँजीवादी क्षेत्रको भन्दा कम हुन्छ । जीवन निर्वाह ज्यालादरमा श्रमको पूर्ति पूर्णतयाः लोचदार हुने सत्य र व्यावहारिक रहने मान्यता अगाडी सारेका छन् । विकशिल देशहरुको अर्थतन्त्रमा पूँजी र प्राकृतिक साधनहरु भन्दा जनसंख्या अत्यन्त उच्च रहन्छ । फलस्वरुप श्रमको उत्पादकत्व अत्यन्त कम, शून्य अथवा कहिलेकाहीँ ऋणात्मक समेत बन्न पुग्छ । त्यस्ता देशहरुमा श्रमको पूर्ति असीमित हुने हुँदा प्रचलित ज्यालादरमा कुनै वाधा अवरोध बिना श्रमशक्तिलाई जीवन

निर्वाह क्षेत्रबाट प्रतिस्थापन गरी पूँजीवादी क्षेत्रहरुमा प्रयोग गर्दै नयाँ-नयाँ उद्योगहरु स्थापना गर्न सकिन्छ (पृष्ठ ४९)। भन्ने कुरा उल्लेख गरिएको छ ।

सिग्देल (२०७४) ले आफ्नो एक अनुसन्धानमा नेपाली युवाहरु विदेश जानुको प्रमुख कारण स्वदेशमै रोजगारीको कमी हुनु, गुणस्तरीय शिक्षाको अभाव, परम्परागत कृषि प्रणाली, सूचना तथा सञ्चारको प्रभाव, न्यून तलब जस्ता कारणहरुले गर्दा वैदेशिक रोजगारीमा जाने गरेको भनी उल्लेख गरेका छन् । वैदेशिक रोजगारमा जानु अगाडि न्यून आर्थिक अवस्था भएको घरपरिवारमा वैदेशिक रोजगारमा गएपछि आर्थिक अवस्थामा सुधार भएको र सोही अनुसार खर्चमा पनि बृद्धि भएको छ भनी उल्लेख गरेका छन् तर यसरी खर्चमा भएको वृद्धि सबैभन्दा बढी शिक्षा क्षेत्रमा र सबैभन्दा कम उत्पादन क्षेत्रमा खर्च भएको देखिन्छ । उनले गरेको अध्ययनमा सीप सिकेर भन्दा पनि सीप नसिकिकी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या बढी रहेको छ जसले गर्दा जटिल काम गर्नुपर्ने, कम तलब पाउने, भाषागत कठिनाई जस्ता कारणले गर्दा नेपाली युवाहरु विदेशमा बढी समस्या झेल्नु परेको भनी उल्लेख गरेका छन् ।

बाजी (२०७६) ले वैदेशिक रोजगारीले उनीहरुको घरपरिवारको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी २०६८ सालदेखि २०७४ सालसम्मको तथ्यांकमा आधारित भइ गरेको अनुसन्धानको निष्कर्षमा सबैभन्दा बढी १८ वर्षदेखि ४९ वर्षसम्मका महिला तथा पुरुषहरु विदेशिने गरेको र यसरी विदेश जाने देशहरु मध्ये सबैभन्दा बढी खाडी मुलुकहरुमा जाने गरेको भनी उल्लेख गरेका छन् । कामदारहरु वैदेशिक रोजगारीमा जाँदा अधिकांश कामदारहरु सीप बिना नै जाने गरेको र केही व्यक्तिहरु सीप भएता पनि नेपालमा जानेको सीप र विदेशको कामको प्रवृत्ति तालमेल नहुँदा सीप विहिन जस्तै हुनु परेको भनी निष्कर्ष प्रस्तुत गरेका छन् । साथै वैदेशिक रोजगारीबाट सिकेको सीपहरु नेपाल फर्किसकेपछि प्रभावकारी नभएको देखाएका छन् । यसको प्रमुख कारणहरुमा देशमा औद्योगिक विकास नहुनु, राजनैतिक अस्थिरता,

लगानी मैत्री वातावरणमा कमी, युवाहरुमा उद्यमशिलता सोच विकास नहुनु जस्ता कारणहरु उल्लेख गरेका छन् ।

राष्ट्रिय योजना आयोग (२०७६) का अनुसार आर्थिक नीतिमा विश्वव्यापी रुपमा भएको परिवर्तन र नेपालले अंगीकार गरेको खुला अर्थव्यवस्थाको परिणाम स्वरुप वैदेशिक रोजगारीका लागि नेपालीहरु अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्ने क्रम बढेको हो । विगत दुइ दशक देखि श्रम आप्रवासन दर तीव्र रुपमा वृद्धि भई विप्रेषण आप्रवाह उल्लेख्य रुपमा बृद्धि भएको छ । एकातर्फ विप्रेषण आप्रवाहले न्यून र न्यून मध्यम आयस्तर भएका परिवारको आय वृद्धि भइ गरिबी निवारण र आर्थिक-सामाजिक विकासमा सकारात्मक प्रभाव पारेको छ । अर्कोतर्फ राष्ट्रिय उत्पादन वृद्धिमा नकारात्मक असर परि कृषि वस्तुका साथै अनुत्पादक वस्तुको आयतमा वृद्धि भई व्यापार असन्तुलन बढेको उल्लेख गरिएको छ । श्रम आप्रवासनबाट मौद्रिक विप्रेषण मात्र नभई सामाजिक पूँजीको रुपमा सीप, प्रविधि र अनुभवलाई पनि आर्थिक-सामाजिक विकासमा उपयोग गर्ने गरी वैदेशिक रोजगार नीति र राष्ट्रिय नीति कार्यान्वयनमा आएका छन् । विप्रेषण आयलाई वचत गरी पूँजी निर्माण गर्न, रोजगारी सिर्जना गर्न, उत्पादन र उत्पादकत्व बढाई राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने गरी उपयोग गर्ने भनी उल्लेख गरिएको छ ।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय (२०५७) का अनुसार जनसंख्या वृद्धिको अनुपातमा प्रतिवर्ष अनुमानित ४ लाखको दरले श्रम बजारमा आउने श्रम शक्तिको लागि पर्याप्त उत्पादनशील तथा आयमूलक रोजगारका अवसरहरुको सिर्जना गर्ने चुनौती राष्ट्रको सामु विद्यमान रहेको छ । विकासका राम्रा सम्भावना हुँदाहुँदै पनि विगतमा मुलुकको आर्थिक सामाजिक विकासको गति ज्यादै मन्द रह्यो । फलतः मुलुकमा रोजगार बजार अपेक्षित रुपमा विस्तार हुन सकेन । मुलुकहरुबाट श्रम आप्रवासन हुने प्रवृत्ति रहेकोले नेपालीहरुका लागि पनि वैदेशिक रोजगारीको अवसरहरु खुल्ने गरेका छन् र यसबाट बेरोजगार समस्या न्यूनिकरण गर्ने एउटा आकर्षक

विकल्पकोरुपमा वैदेशिक रोजगार देखा परेको छ । रोजगार, आर्थिक अवसर, गरिबी निवारण,विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुर्‍याएको योगदानको दृष्टिकोणले वैदेशिक रोजगार ज्यादै महत्वपुर्ण क्षेत्रको रुपमा रहेको छ । प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्ने तीन चौथाई युवायुवतीहरुको प्रमुख आकर्षण वैदेशिक रोजगार हुन गएको छ । हाल दैनिक एक हजारको हाराहारीमा युवाहरु वैदेशिक रोजगारीमा जाने गरेका छन् । नेपालको जनसंख्या बनोटमा उत्पादनशील (१५-६४) समूहको जनसंख्या ५६.५ प्रतिशत मध्ये श्रम सहभागिता दर ८३.४ प्रतिशत रहेको छ । यसैगरी हाल बेरोजगार २.१, अर्धबेरोजगार ६.७ प्रतिशत, अपर्याप्त कमाइ भएका ८.१ प्रतिशत र १३.२ प्रतिशत आफ्नो सीप सुहाउँदो पेशा नभएको देखिएको छ । करिब ७.२ प्रतिशत जनसंख्या रोजगार तथा अन्य कारणबाट मुलुक बाहिर रहेका छन् । यसको अधिकांश हिस्सा वैदेशिक रोजगारमा नै केन्द्रित छ ।

युवा तथा खेलकुद मन्त्रालय (२०७५) ले युवारोजगारीको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदनमा नेपालीहरु हरेक दिन करिब १५०० को हाराहारीमा वैदेशिक रोजगारका लागि देश बाहिर जाने गरेका छन् । यी मध्ये महिलाहरुको संख्या करिब १० प्रतिशत रहेको छ । यसरी जाने श्रमिकहरु युवाहरु नै हुन् । संस्थागत रुपमा वैदेशिक रोजगारका लागि ११० वटा मुलुकहरु खुला गरेको छ । आर्थिक वर्ष २०७१।०७२ को आँकडा अनुसार वैदेशकि रोजगारीमा जाने कुल जनसंख्या ३२,०१,२६८ मध्ये पुरुष ३०,६५,४६२ जना तथा महिला १,३५,८०६ जना रहेका छन् । यसरी जाने कामदारहरु मध्ये ७५ प्रतिशत अदक्ष, २३ प्रतिशत अर्धदक्ष र २ प्रतिशत मात्रै दक्ष जनशक्ति रहेका छन् । यसरी नेपाली युवाहरु आ.व. २०७२/०७३ को चैत्र मसान्त सम्ममा स्वीकृति लिनेहरुको संख्या ४५,८३,६४३ पुगेको देखिन्छ । श्रम ऐन २०४२ जारी भएपछि नै संस्थागत रुपमा नेपालबाट श्रमिकहरु वैदेशिक रोजगारीका लागि जान थालेका हुन् । दश वर्षे द्वन्द्व कालमा रोजगारी तथा सुरक्षाको हिसाबले युवाहरु विदेशिने प्रवृत्ति बढेको देखिन्छ । सन् २००२ मा UNFIM ले गरेको अध्ययन अनुसार वैदेशिक रोजगारीका लागि भारत बाहेक अन्य मुलुकमा जाने नेपालीको संख्या

१० लाखको हाराहारीमा थियो । हाल यो संख्या ४० लाखको हाराहारीमा रहेको सरकारी आँकडा छ ।

राष्ट्रिय योजना आयोग (२०७७) ले कोभिड-१९ का कारण वैदेशिक रोजगारीमा परेको असर तथा त्यसले नेपालको अर्थतन्त्रमा पार्ने अध्ययन प्रतिवेदनमा पछिल्लो अनुमान अनुसार ३२ लाख १० हजार ८४८ भन्दा बढी नेपालीहरु हाल प्रवासीको रुपमा विभिन्न मुलुकहरुमा बसोबास गरिरहेका छन् । यिनीहरु मध्ये ७० प्रतिशत भन्दा बढी भारत, मलेशिया, कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्समा रहेका छन् । प्रवासीहरु मध्ये कोभिड-१९ का कारण अनुमानित ६,८७,००० व्यक्ति एक वर्षमा फर्केर आउने अनुमान गरिएको छ । यो परिमाण विदेशमा रहेको व्यक्तिहरुको १९.२७ प्रतिशत हुन आउँछ । करिब ४० प्रतिशत कामदार गैर महामारीका कारणले स्वदेश फिर्ता आउने र बाँकी ६० प्रतिशत महामारीका कारण फर्कने अनुमान गरिएको छ । सन् २०२० को मार्च अन्तसम्म ७०,००० भन्दा बढी व्यक्तिहरुले वैदेशिक रोजगारीको लागि अनुमति लिएको तर यात्रा प्रतिबन्धका कारण गन्तव्य मुलुकमा जान नपाई स्वदेशमै रहेका छन् । प्रवासीहरुको उल्लेख्य संख्या फर्कने तयारीमा रहनु र वैदेशिक रोजगारमा जानका लागि इच्छुक व्यक्तिहरु जान नसक्नुले मुलुकका कुल परिवारमध्ये पचास प्रतिशत भन्दा धेरैको लागि पारिवारिक आयको महत्वपूर्ण स्रोतका रुपमा रहेको विप्रेषण आप्रवाह न्यून हुने, आन्तरिक श्रम बजारमा दबाब बढाउने र समग्र अर्थव्यवस्थामा नकरात्मक असर पार्न सक्ने अनुमान गरिएको छ ।

## २.२ पूर्व साहित्यको पुनरावलोकन (Review of Previous Literature)

घिमिरे (२०७५) ले “वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव” शीर्षकमा शिक्षाशास्त्र केन्द्रीय विभाग अर्थशास्त्र शिक्षा विभाग त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको लागि तयार गरेको शोधपत्रमा वैदेशिक रोजगारीको अवस्था, घरपरिवारको आर्थिक तथा उनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्भाव र वैदेशिक रोजगारीमा जानुपर्ने कारण पत्ता लगाउने उद्देश्य

राखिएको थियो । उनको अनुसन्धान व्याख्यात्मक तथा विश्लेषणातमक ढाँचाको अध्ययनले १८ वर्ष देखि ४९ वर्षसम्मका महिला तथा पुरुष कामदारका लागि विदेश जाने गरेको उल्लेख गरेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त आयको उपभोग भने शिक्षा, स्वस्थ्य, चाडपर्व र अन्य क्षेत्रमा गरेको र खर्च गर्ने प्रवृत्ति भने विदेश जानु पूर्वभन्दा विदेश गएपछि उपभोग जन्य वस्तुमा बढी खर्च गरेको पाइयो । यसरी वैदेशिक रोजगारको निम्ति अन्य देश जाने क्रममा ठगिने, भनेको काम र ज्याला नपाउने महिला कामदारहरु शारीरक शोषणमा पर्ने गरेको पाइयो । वैदेशिक रोजगारीले राष्ट्रमा सकरात्मक तथा नकरात्मक दुवै असर पारेको भन्ने निष्कर्ष निकालिएको छ ।

सिग्देल (२०७४) ले "स्याङ्जा जिल्ला चिसापानी गा.वि.स. को वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव" शीर्षकमा गरेको अध्ययनमा वैदेशिक रोजगारमा जानुपूर्व र गएपछि उनीहरुको आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक विश्लेषण, विप्रेषण लगानीका क्षेत्रहरुको पहिचान र समस्याहरु पहिचान गरी सुझाव प्रस्तुत गर्ने उद्देश्य राखिएको थियो । सातवटा प्रश्नमा केन्द्रित उक्त विश्लेषणात्मक अध्ययनले वैदेशिक रोजगारका जानुपूर्वभन्दा गएपछि आम्दानी सँगै खर्चमा पनि बृद्धि भएको उल्लेख गरेका छन् । तुलनात्मक रुपमा बालबालिकाहरु निजी विद्यालयमा पढाउने संख्यामा वृद्धि भएको पाइयो । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण घरेलु उद्योगमा लगानी गरेको पाइयो । नेपालीहरु कामदारको लागि सीप नसिकी विदेश जाँदा जटिल काम गर्नुपर्ने, कम तलब पाउने, भाषागत कठिनाइका कारण विदेशी कामदारसँग काम गर्न कठिनाइ भएको निष्कर्ष निकाली नीतिगत र प्रयोगात्मक सुझाव दिएका छन् ।

कुमारी (२०७०) ले "वैदेशिक रोजगार र यसको सामाजिक आर्थिक प्रभाव" शीर्षकमा समाजशास्त्रीय केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको लागि तयार गरेको शोधपत्रमा वैदेशिक रोजगारले घरपरिवारको तहमा ल्याएको आर्थिक परिवर्तन र वैदेशिक रोजगारीले समाजमा पारेको सामाजिक प्रभाव विश्लेषण

गर्ने उद्देश्य राखिएको थियो । उक्त अध्ययनले मुख्यतः बेरोजगार र कृषिमा संलग्न भई अर्धबेरोजगार अवस्थामा रहेको व्यक्तिहरुले नै वैदेशिक रोजगारको सेवालाई आफ्नो रोजगारीको माध्यम बनाएको उल्लेख गरेका छन् । धेरै युवा जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले कृषि उत्पादनमा कमि आएको र अन्य पेशाहरु (व्यापार, व्यवसाय, नोकरी) अपनाएको देखियो जसले परम्परागत पेशामा विस्तारै परिवर्तन आउन थालेको पाइयो । वैदेशिक रोजगारीमा संलग्न भएपछि आर्थिक अवस्थामा आएको परिवर्तनले सामाजिक अवस्थामा प्रत्यक्ष प्रभाव पारेको देखियो । यसले गर्दा समाजमा सामुदायिक कार्यमा महिला सहभागिता र महिला सचेतना जस्ता कार्यमा बृद्धि भएको पाइयो । वैदेशिक रोजगारले आर्थिक अवस्थामा सुधार ल्याएता पनि यो पेशा दिर्घकालीन रहिरहन नसक्ने अवस्था देखिन्छ भन्ने सार प्रस्तुत गरेका छन् ।

पाण्डे (२०७३) ले "विप्रेषणले वैदेशिक रोजगारमा संलग्न महिलाहरुको पारिवारक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानः महेशपुर गा.वि.स., झापा" शीर्षकमा त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको लागि तया गरिएको शोधपत्रमा महिलाहरु वैदेशिक रोजगारीमा जानु अघि र पछिको आर्थिक अवस्था, महिलाहरु वैदेशिक रोजगारीमा जानुको कारणहरु र विप्रेषणले पारिवारिक आर्थिक तथा बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने उद्देश्य राखिएको थियो । वर्णानात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित अध्ययनले वैदेशिक रोजगारीमा जानु अघि आम्दानी रु.२,६४,००,००० रहेको र खर्च रु.१,८२,००,००० र बचत रु.८२,००,००० रहेको देखाइएको छ । त्यसैगरी वैदेशिक रोजगारीमा गएपछि आम्दानी रु. १०,४०,०३५,००० खर्च रु. ६,९५,००,००० र बचत रु. ३,४५,३५,००० रहेको देखाइएको छ । महिलाहरु बैदेशिक रोजगारीमा जानुको ५ वटा कारणहरु जुन रोजगारी नपाएका ४० जना, आर्थिक अवस्था कमजोर भएर ६३ जना, धन कमाउन ४३ जना, आर्थिक कारण ३८ जना र बालबालिकाहरुको उज्वल भविष्यको कारण ३५ जना रहेको उल्लेख गरेका छन् । साथै बालबालिकाहरुको शैक्षिक अवस्था वैदेशिक रोजगारीमा

जानु अघि भन्दा गएपछि प्राप्त विप्रेषणले सुधारिएको देखिन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

पोखरेल (२०७२) ले “वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव : छोप्राक गा.वि.स. गोरखा” शिर्षकमा शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको लागि तयार पारेका शोधपत्रमा वैदेशिक रोजगारीको अवस्थाको वर्णन, युवाहरु वैदेशिक रोजगारीमा जानुपर्ने कारण, विप्रेषणले शैक्षिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण र वैदेशिक रोजगारीमा गएकाहरुले सामना गरेका समस्याहरु पत्ता लगाउने उद्देश्यहरु राखिएको थियो । व्याख्यात्मक र विश्लेषणत्मक ढाँचामा आधारित उनको अध्ययनले वैदेशिक रोजगारमा गएपछि उनीहरुको आम्दानी ४ गुणाले वृद्धि भएको उल्लेख गरेका छन् । वैदेशिक रोजगारीमा जानु पूर्व उनीहरुको बालबालिकाहरु ६७.४ प्रतिशत बालबालिकाहरु सरकारी स्कुल र ३२.६ प्रतिशत बालबालिकाहरु निजि विद्यालयमा गएको देखाइएको छ भने वैदेशिक रोजगारमा गएपश्चात सरकारी स्कुल जाने १५.२ प्रतिशत र निजी स्कुल जाने ८४.८ प्रतिशत रहेका उल्लेख गरेका छन् । वैदेशिक रोजगारीको क्षेत्रमा विभिन्न समस्याहरु देखिए पनि औषत रुपमा शिक्षामा पहुँच बढाएको, आर्थिक स्थितिमा सुधार आएको, आधारभूत आवश्यकता परिपूर्ति देखि लिएर देशको अर्थतन्त्रलाई समेत मजबुत बनाएको भनी उल्लेख गरेका छन् ।

दाहाल (२०७३) ले “तामाङ जातिको सामाजिक आर्थिक अवस्थाले तिनीहरुको बालबालिकाको शिक्षामा पारेको प्रभाव : मादी राम्वेनी गा.वि.स. सङ्खुवासभा” शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग स्नातकोत्रर तहको लागि तयार गरेको शोधपत्रमा तामाङ जातिको सामाजिक, आर्थिक अवस्था पत्ता लगाउने, सामाजिक आर्थिक अवस्थाले तिनीहरुको बालबालिकाको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्ने र प्राथमिक उमेर समूहका बालबालिकाको शैक्षिक स्थिति पत्ता लगाउने उद्देश्य राखिएको थियो । जसमा ५ वटा अनुसन्धान

प्रश्नहरु निर्माण गरी अनुसन्धन गरिएको थियो । वर्णात्मक र विश्लेषणात्मक ढाँचामा आधारित अध्ययनले तामाङ जातिको मुख्यपेसा कृषि रहेको र अध्ययन क्षेत्रमा ३ घरको परिवार सँग भूमि नै नभएको र सुकुम्बासी रहेको उल्लेख गरेका छन् भने ७ रोपनी भन्दा माथि जग्गा हुने २० प्रतिशत रहेको देखाइएको छ । नमुना छनोटमा परेका ६० घरपरिवार संख्याको आय २० हजार भन्दा कम आय गर्नेले सम्पूर्ण खर्च गर्ने र बचत नै नभएको देखाइएको र ८० देखि १ लाखसम्म आय गर्नेले रु. २०,००० हजार का दरले मासिक बचत गरेको देखाइएको छ । साथै प्राथमिक विद्यालय उमेर समूहमा २५ छात्र र २२ छात्रा गरी ४७ बालबालिकाहरु विद्यालय जाने उमेर समूहका पाइयो तर सबै बालबालिकाहरु विद्यालयमा भर्ना नभएको भनि निष्कर्ष निकालिएको छ ।

बुढा (२०७२) ले “वैदेशिक रोजगारीले स्थानीय आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव” शीर्षक अन्तर्गत वडा भैरव गा.वि.स. दैलेखमा गरेको अध्ययन वैदेशिक रोजगारीमा जानु पर्ने कारणहरु र वैदेशिक रोजगारबाट आर्थिक तथा शैक्षिक प्रभावको विश्लेषण गर्ने उद्देश्य राखिएको थियो । उक्त अनुसन्धान गुणात्मक तथा परिमाणात्मक ढाँचामा आधारित अध्ययनले २३ देखि २७ वर्ष उमेर समूहका युवाहरु वैदेशिक रोजगारको निम्ति जाने गरेको उल्लेख गरिएको छ । देश भर ६०० भन्दा बढी मेनपावर एजेन्सीहरु खोलिएको, दैनिक १२०० देखि १५०० हाराहारीमा विदेशिने गरेका तथ्यहरु उल्लेख गरेका छन् । साथै नेपालमा वार्षिक रुपमा ३ खर्ब १५ अर्बको हाराहारीमा विप्रेषण भित्रिएको विप्रेषणले नेपालको कुल ग्राहस्थ उत्पादनमा २९.५ प्रतिशत योगदान दिएको तथ्यांक उल्लेख गरेका छन् । वैदेशिक रोजगारीकै कारण ८२ प्रतिशत घर परिवारको आर्थिक तथा शैक्षिक स्थितिमा सुधार आएको निष्कर्ष निकालेका छन् ।

कँडेल (२०७३) ले “वैदेशिक रोजगारीले पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव” शीर्षकमा विहुँ गा.वि.स. बाग्लुङ्ग जिल्लामा गरेको अनुसन्धान वर्णात्मक ढाँचामा आधारित अध्ययनले वैदेशिक रोजगारीमा जाने कारणहरु, वैदेशिक

रोजगारमा जानुपूर्व र गए पश्चात आर्थिक अवस्थाको तुवनात्मक अध्ययन र बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने उद्देश्यहरु राखिएको थियो । उक्त अध्यनमा वैदेशिक रोजगारमा जानुको कारणहरुमा रोजगारको अवसरहरुको खोजीमा ३१ प्रतिशत, दोषपूर्ण शिक्षा प्रणालीमा १२ प्रतिशत, निर्वाहमुखी कृषि प्रणालीमा १७ प्रतिशत, स्वदेशमा न्यून तलवमा ७ प्रतिशत, सूचना तथा सञ्चारको प्रभावमा १३ प्रतिशत, सामाजिक प्रतिष्ठा कायम गर्न ९ प्रतिशत, ऋण ग्रस्तताबाट मुक्ति पाउन ११ प्रतिशत रहेको तथ्यांक उल्लेख गरेका छन् । वैदेशिक रोजगारीमा जानु अघि आम्दानी रु.१,३८,८०,००० खर्च रु. १,४४,८०,००० ऋण रु. ८,००,००० रहेको उल्लेख गरिएको छ भने गएपश्चात आम्दानी रु.३,२४,००,००० खर्च रु. २,२४,००,००० र वचत रु. १,००,००,००० रहेको तथ्यांकमा देखाइएको छ । साथै वैदेशिक रोजगारी पूर्व ३.३७ प्रतिशत बालबालिका विद्यालय जाने गर्दथे भने ५१.९२ प्रतिशत सरकारी विद्यालयमा जाने गर्दथे । त्यस्तै निजी विद्यालयमा जम्मा १३.९४ प्रतिशत र दुवै विद्यालयमा जाने बालबालिका ३०.७७ प्रतिशत रहेको देखाइएको छ । यसरी नेपाली कामदारहरु स्वदेशमा रोजगारी नभएर, आर्थिक अवस्था कमजोर भएर, महङ्गीको तुलनामा कम तलब भएर वैदेशिक रोजगारीमा जाने गरेको उल्लेख गरिएको छ ।


## २.३ अनुसन्धान अन्तर (Research Gap)

वैदेशिक रोजगारीले बालबालिकालको शिक्षामा पारेको प्रभावको बोमा अध्ययन गर्ने क्रममा यस भन्दा अगाडि वैदेशिक रोजगारीले त्यसमा संलग्न व्यक्तिहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव सम्बन्धी थुप्रै अध्ययन अनुसन्धान सम्पन्न भएका छन् । पूर्व साहित्यमा प्रयुक्त भएका अनुसन्धानका उद्देश्यहर पनि वैदेशिक रोजगारीले त्यसमा संलग्न परिवारको आर्थिक, सामाजिक जनजीवनमा पारेको प्रभावको अध्ययन गर्नेसँग सम्बन्धित थिए । अन्य विद्वान्हरुले गर्ने अध्ययनका प्रतिवेदनहरुमा वैदेशिक रोजगारको महत्व, त्यसको फाइदा, अवसर माथि जोड दिएको पाइन्छ ।

यस अध्ययनलाई केही भिन्न र पृथक बनाउने योजना स्वरुप यो अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको मात्र अध्ययन गरिएको छ । तेह्रथुम जिल्लाको छथर गाउँपालिका वडा नं. १ लाई उद्देश्यमूलक नमुना छनोट विधिको माध्यमबाट छनोट गरी १०२ जना व्यक्तिहरुको वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभावको अध्ययन गरिएको छ ।

## २.४ अवधारणात्मक संरचना (Conceptual Framework)

यस अध्ययनका लागि वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभावको बारेमा अध्ययन गर्न बनाइएको अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ ।



## अध्याय तीन (Chapter Three)

## ३. अनुसन्धान विधि र तौरतरिका (Research Method and Procedures)

यस खण्डमा अध्यनले समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्यांकको स्रोत, जनसंख्या र नमूना छनोट, तथ्यांक संकलनका औजारहरु, तथ्यांकको संकलन विधि र तथ्यांको विश्लेषण गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययन मिश्रित ढाँचामा आधारित रहेको छ । तेह्रथुम जिल्लाको छथर गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको वर्तमान अवस्था र उनीहरुको बालबालिकाको शिक्षामा पारेको प्रभावको अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांकको संकलन वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई नमूना छनोट गरी अन्तर्वार्ता, प्रश्नावली र अवलोकनको माध्यमबाट तथ्यांक संकलन गरिएको छ । द्वितीय तथ्यांक विभिन्न स्रोतहरु संकलन गरी तिनीहरुको विश्लेषण तालिका, वृत्तचित्र, रेखाचित्रद्वारा प्रस्तुत गरिएको यस अध्ययनको तथ्यांकहरु परिमाणात्मक र गुणात्मक दुवै गरी मिश्रित स्वरुपमा गरिएको छ ।

### ३.२ तथ्यांकका स्रोतहरु (Sources of Data)

यस अनुसन्धानमा तथ्यांक संकलनका लागि प्राथमिक र द्वितीय स्रोतहरुलाई उपयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिकतथ्यांक(Primary Data)

यो अध्ययनको प्राथमिक स्रोतहरु अन्तर्गत वैदेशिक रोजगारीमा सहभागी व्यक्तिहरुसँग प्रश्नावलीको माध्यमबाट गरिने अन्तर्वार्ताबाट निकालिएको निष्कर्षहरु प्रस्तुत गरिएको छ । यस अध्ययनको लागि प्राथमिक तथ्यांकको स्रोतहरु भनेको

वैदेशिक रोजगारीबाट फर्केका युवायुवतीहरु र युवायवुतीका घरपरिवारका अभिभावकहरु रहेकाछन् ।

### ३.२.२ द्वितीय तथ्यांक (Secondary Data)

यस अध्यनमा द्वितीय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित संस्था, श्रम मन्त्रालय, अर्थमन्त्रालय, केन्द्रीय तथ्यांक विभाग, वैदेशिक रोजगार विभाग, पूर्व प्रकाशित लेख रचनाहरु, पत्रपत्रिका, पुस्तक तथा यस सम्बन्धमा गरिएका अध्ययन अनुसन्धान लगायत छथर गाउँपालिकाबाट प्रकाशित तथा अप्रकाशित तथ्यांकको सहयोग लिइएकोछ ।

## ३.३ अध्ययन क्षेत्र(Study Area)

पूर्वाञ्चल विकास क्षेत्र, कोशी अञ्चल, प्रदेश नम्बर १ तेह्रथुम जिल्ला छथर गाउँपालिकालाई यस अध्ययनको क्षेत्रको रुपमा लिइएको छ ।

## ३.४ जनसंख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population and Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र जनसंख्याबाट छनोट गरिने नमूनाको आकार तथा छनोट प्रक्रिया निम्नप्रकार उल्लेख गरिएको छ ।

### ३.४.१ जनसंख्या (Population)

प्राथमिक तथ्यांक संकलन गर्नको लागि यस छथर गा.पा. वडा नं. १ क्षेत्रभित्र पर्ने खाडी राष्ट्रका देशहरु मलेशिया, कतार, दुबई र साउदी अरबमा वि.सं. २०६६ देखि २०७६ फागुन सम्ममा रोजगारीमा गएर फर्किएका २५५ रहेका छन् । यो नै अध्ययनको जनसंख्या रहेको छ । यो जनसंख्या छथर गाउँपालिका वडा नं.१ बाट स्थलगत सर्वेक्षणद्वारा प्राप्त भएको हो ।

### ३.४.२ नमुनाको आकार (Sample Size)

छथर गाउँपालिकाबाट वि.सं. २०६६ देखि २०७६ फागुनसम्ममा रोजगारीमा गएर फर्किएका २५५ मध्ये १०२ जनालाई  अध्ययनको नमुनाको रुपमा छनोट गरिएको छ । जुन कुल जनसंख्याको ४० प्रतिशत हो ।

### ३.४.३ नमुना छनोट रणनीति (Sampling Strategy)

१. उद्देश्यमूलक नमूना छनोट गर्दा आफूले संकलन गर्न चाहेको सूचना जुन व्यक्ति अथवा समूहबाट प्राप्त हुन्छ, अनुसन्धानकर्ताले त्यही व्यक्ति अथवा समूहलाई मात्र नमुनाकोरुपमा छनोट गर्नु नै उद्देश्यमूलक नमुना छनोट हो । त्यसकारण यस अध्ययनमा तेह्रथुम जिल्लाको छथर गाउँपालिकालाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । छथर गाउँपालिकामा कुल ६ वटा वडाहरु रहेका छन् । ती मध्ये वडा नं. १ मा वैदेशिक रोजगारीको निम्ती खाडी मुलुकमा संलग्न घरपरिवार बढी भएकाले वडा नं. १ लाई नमुनाको रुपमा छनौट गरिएको छ ।

२. वैदेशिक रोजगारीको निमित्त मलेशिया, कतार, साउदी अरब र संयुक्त अरब इमिरेट्स (दुवाइ) जाने कुल जनसंख्या २५५ मध्ये नमुनाको रुपमा १०२ जना छनोटमा परेका व्यक्तिहरुलाई सामान्य सम्भावनायुक्त नमुनाबाट निम्न तरिकाले छनोट गरिएको छ ।

| क्र.सं. | देश | जनसंख्या | नमुना छनोट |
|---|---|---|---|
| १ | मलेशिया | ११० | ६१ |
| २ | कतार | ७३ | १९ |
| ३ | साउदी अरब | ५७ | १३ |
| ४ | दुबई | १४ | ९ |
| | जम्मा | २५५ | १०२ |

यस अध्यनमा कुल २५५ वैदेशिक रोजगारमा जाने व्यक्तिहरु मध्ये नमुना छनोटमा परेका १०२ व्यक्तिहरु सामान्य सम्भावना युक्त नमुना छनोटद्वारा नामावली तयार पारी चिठ्ठा प्रणालीद्वारा छनोट गर्दा मलेशिया जाने ११० व्यक्तिहरु मध्ये ६१ जना, कतार जाने ७३ व्यक्तिहरु मध्ये १९ जना, साउदी अरब जाने ५८ व्यक्तिहरु मध्ये १३ जना र दुबइ जाने १४ व्यक्तिहरु मध्ये ९ जना व्यक्तिहरुलाई नमुनाको रुपमा छनोट गरिएको छ ।

### ३.५ तथ्यांक संकलनका औजारहरु (Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्यांक संकलन गर्न प्रश्नावली र अवलोकन जस्ता औजारहरुको प्रयोग गरिएको छ जुन निम्न छन् :

#### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको छ । अन्तर्वार्ता प्रश्नावली प्रयोग वैदेशिक रोजगारीमा संलग्न सदस्यहरुको वर्तमान अवस्था, परिवारको आकार, आम्दानी, खर्च, बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा सूचना संकलन गरिएको छ । साथै वैदेशिक रोजगारीमा संलग्न भएका सदस्यहरुको वर्तमान अवस्था र बालबालिकाको शिक्षामा परेको प्रभाव बारे तिनै उत्तरदाताकै माध्यमबाट तथ्यांक संकलन गरिएको छ । प्रश्नावलीलाई अनुसूची १ मा राखिएको छ ।

#### ३.५.२ अवलोकन फाराम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न वैदेशिक रोजगारीमा संलग्न भएका र नमुना छनोटमा परेका व्यक्तिहरु साथै अध्ययन क्षेत्रमा उनीहरु बस्दै गरेको घरको अवस्था, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको अवस्था, बालबालिकाहरुको सरसफाइ, बोलिचाली आदि कुराहरुको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । जसलाई बुदाँगत रुपमा  अनुसूची २ मा राखिएको छ ।

### ३.६ तथ्यांक संकलन विधि (Technique of Data Collection)

यस अध्ययनका लागि तथ्यांक संकलन गर्न निम्न विधिहरु प्रयोग गरिएको छ ।

#### ३.६.१ प्रत्यक्ष अन्तर्वार्ता (Direct Interview)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलनका लागि अन्तर्वार्ताको रुपमा प्रश्नावलीको माध्यमबाट प्रत्यक्ष व्यक्तिगत विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वैदेशिक रोजगारीमा गएका नमुना छनोटमा परेका सदस्यहरुसँग आमनेसामने बसी प्रश्नोत्तरका माध्यमबाट तथ्यांक संकलन गर्न प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता गरिएको छ ।

#### ३.६.२ सहभागितामूलक अवलोकन (Participatory Observation)

यस अध्ययनमा आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई घर परिवारको प्रत्यक्ष संलग्नतामा नमुना छनोटमा परेका व्यक्तिहरुको घरको अवस्था कस्तो छ ? खानेपानीको धारा घरमा उपलब्ध छ/छैन ? बालबालिकाहरुको बोलीचाली, सरसफाईको अवस्था कस्तो छ ? शौचालयको अवस्था कस्तो छ ? आदिको बारेमा सहभागीतामूलक अवलोकन गरिएको छ ।

### ३.७ तथ्यांक विश्लेषण र व्याख्याको तरिका (Interpretation and Analysis of Result)

यस अध्यनमा आवश्यक तथ्यांक संकलन गरिसकेपछि तथ्यांकलाई विभिन्न तालिकामा प्रस्तुत गर्दै व्यवस्थित रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा संख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्यांकहरु समावेश हुने हुनाले तुलनात्मक प्रस्तुतीको लागि तालिकाहरुको निर्माण गरिएको छ ।

**अध्याय चार (Chapter Four)**

## ४. परिणामको व्याख्या र विश्लेषण(Analysis and Interpretation of the Result)

### ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपाली भाषामा थुम भन्नाले डाँडा वा ढिस्को भन्ने बुझिन्छ । यस जिल्लामा तिनजुरे पहाडका तीन वटा डाँडाहरुबाट गन्दै जाँदा थलाडाँडा सम्म १३ वटा थुम्काहरु भएका कारण यसको नाम तेह्रथुम रहेको विश्वास गरिन्छ । नेपाल एकिकरण हुनु अघि हालको तेह्रथुम जिल्लाको भू-भाग पल्लो किराँत राज्य अन्तर्गत पर्दथ्यो । नेपाल एकिकरणको अभियानका क्रममा पललो किराँतका १७ थुमहरु गोरखाली सेनाहरुले आफ्नो अधिनमा लिएपछि इ.सं. १७७४ देखि केन्दीय नेतृत्वमा प्रशासित हुन थालेको उल्लेख भएको पाइन्छ । वि.सं. २०१८ सालमा ७५ जिल्लामा विभाजन हुँदा तेह्रथुम जिल्लाले छुट्टै जिल्लाको रुपमा मान्यता पाएको हो । हाल नेपालमा सक्रिय शासन प्रणालीमा विभाजित भएपछि तनेह्रथुम जिल्ला प्रदेश नं. १ अन्तर्गतको १४ जिल्लाहरु मध्ये एक पहाडी जिल्लाको रुपमा परिचित रहेको छ । (जिल्लाविकासयोजना२०७७) ।

### ४.१.१ तेह्रथुम जिल्लाको भौगोलिक अवस्था (Geographical Position of Terhathum District)

भौगोलिक स्थिति अनुसार तेह्रथुम जिल्ला २६°६६' देखि २७°३०' उत्तरी अक्षांश र ८७°२५' देखि ८७°२५' देखि पूर्वी देशान्तरभित्र पर्दछ । यस जिल्लाको क्षेत्रफल ६७८ वर्गकिलोमिटर छ । यो जिल्लाको पूर्वतर्फ ताप्लेजुङ्ग र पाँचथर जिल्ला, पश्चिमतर्फ धनकुटा जिल्ला, उत्तरतर्फ ताप्लेजुङ्ग र संखुवासभा तथा दक्षिणतर्फ धनकुटा र पाँचथर जिल्ला पर्दछन् । एक वटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा र नगरपालिका (लालिगुराँस र म्याङ्गलुङ्ग) र चार गाउँपालिका (आठराई, पदार्थ, मेन्छ्याम र छथर)

रहेका छन् । यस ि जल्लाको सदरमुकाम म्याङ्गलुङ्ग हो । (जिल्ला विकास योजना, तेह्रथुम, २०७७) ।

### ४.१.२ हावापानीको अवस्था (Situation of Climate)

यस जिल्लाको लेकाली भागमा लगभग १५-२० डिग्री सेल्सीयस भन्दा माथि तापक्रम चढ्दैन भने बेसी भागमा ३० डिग्री सेल्सीयस भन्त्दाबढीतापक्रमहुनेगर्दछ । पछाडि भागमा समशितोष्ण मनसुनि हावापानी र वेसीमा उष्ण मनसुनि हावापानी पाइने कारण स्वस्थ्यको दृष्टिकोणले दृष्टिकोणले लाभदायक हावापानी पाइन्छ (तेह्रथुम प्रोफाइल, २०७२) ।

## ४.२ अध्ययन क्षेत्रको वैदेशिक रोजगारी वर्तमान अवस्था (Current Situation of Foreign Employment Area of the Study)

वैदेशिक रोजगारीको वर्तमान अवस्थालाई निम्न तरिकाबाट विश्लेषण गरिएको छ ।

### ४.२.१ वैदेशिक रोजगारीमा संलग्न जनसंख्याको अवस्था (Foreign Employment in Study Area)

यस अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका १०२ घरपरिवारको वैदेशिक रोगारमा संलग्न व्यक्तिहरुको अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१**

**वैदेशिक रोजगारमा गएका घरपरिवार**

| क्र.सं. | देश | जनसंख्या | नमुना छनोट |
|---|---|---|---|
| १ | मलेशिया | ११० | ६१ |
| २ | कतार | ७३ | १९ |
| ३ | साउदी अरब | ५५ | १३ |
| ४ | दुबई | १४ | ९ |
|  | जम्मा | २५५ | १०२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१ मा वैदेशिक रोजगारको निम्ति विदेश गएका कुल घरपरिवार २०५५ मध्ये अध्ययन नमुनाको रुपमा १०२जनालाई छनोट गरिएको देखाइएको छ । जसमा मलेशिया जाने जनसंख्या ११० बाट ६१ जना, कतार जाने ७३ बाट १२ जना, साउदी अरब ५८ बाट १२ जना, दुबई जाने १४ बाट ९ जना गरी कुल १०२ व्यक्तिहरुलाई सामान्य सम्भावनायुक्त नमुना छनोटको आधारमा तेह्रथुम जिल्लाको छथर गाउँपालिका वडा नं. १ बाट लिइएको छ ।

### ४.२.२ लिङ्गगत आधारमा रोजगारीको अवस्था (Genderwise Foreign Employment of a Study Area)

यस अध्ययन क्षेत्रमा वि.सं. २०६६ देखि २०७६ सम्मको तथ्यांकलाई समावेश गरिएको छ । मलेशिया, कतार, साउदी अरब र दुबई गएका २०५५ मध्ये ४० प्रतिशत पर्ने गरी १०२ जनालाई समेटिएको छ । जसमा पुरुष र महिलाहरुको अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२**

**वैदेशिक रोजगारीमा महिला र पुरुषको सहभागिता-२०७८**

| देश | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| मलेसिया | ५५ | ५३.९२ | ६ | ५.८५८ | ६१ | ५९.३८ |
| कतार | १६ | १५.६८ | ३ | २.९४ | १९ | १८.७ |
| साउदी अरब | १० | ९.८० | ३ | २.९४ | १३ | १२.६ |
| ब्रुनाई | ९ | ८.८३ | | | ९ | ८.८२ |
| जम्मा | ९० | ८८.२२ | १२ | ११.७७ | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.२ मा नमुना छनोटमा परेका कुल १०२ घरपरिवार मध्ये ८८.२२ प्रतिशत पुरुष र ११.७७ प्रतिशत महिला रहेका छन् । जसमध्ये पुरुष मलेशिया जाने ५३.९२%, कतार जाने १५.६८%, साउदी अरब जाने ९.८०% रहेका छन् भने मलेशिया जाने महिला ५.८८%, कतार २.९४% र साउदी अरब २.९४% गएको देखिन्छ । यसरी हेर्दा सबैभन्दा बढी पुरुष र महिला मलेशिया र सबैभन्दा कम दुबई वैदेशिक रोजगारको निम्ति गएको देखिन्छ ।

## ४.२.३ कामदारको उमेर (Age of Workers)

छथर गाउँपालिकाको वडा नं. १ मा नमुना छनोटमा परेका बैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको उमेर २० वर्षदेखि ४९ वर्ष सम्म रहेका छन् । बैदेशिक रोजगारमा गएका कामदारहरुको उमेरगत विवरणलाई निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.३**

**वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको उमेरगत विवरण - २०७५**

| क.सं. | उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | २०-२३ | ३४ | ३३.३३ |
| २ | ३०-३९ | ४९ | ४८.०३ |
| ३ | ४०-४९ | १९ | १८.६२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.३ मा बैदेशिक रोजगारीको निम्ति २० वर्षदेखि २९ वर्ष उमेर समूहको ३३.३३ प्रतिशत, ३० देखि ३९ वर्ष उमेर समूहको ४८.०३ प्रतिशत र ४० देखि ४९ वर्ष उमेर समूहको १८.६२ प्रतिशत सहभागिता रहेको देखाइएको छ । सबैभन्दा बढी ३० देखि ३९ वर्ष उमेर समूह र सबैभन्दा कम ४०-४९ उमेर समूह रहेका छन् ।

### ४.२.४ जातिगत विवरण (Castewise Description)

नमुना छनोटमा छथर गाउँपालिका वडा नं. १ मा बैदेशिक रोजगारीमा गएर फर्किएका कामदारहरुको अध्ययन गर्ने क्रममा अधिकांश लिम्बु समुदायको सहभागिता देखियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.४**

**वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको जातिगत विवरण - २०७८**

| जातजाति | पुरुष | महिला | जनसंख्या | नमुना छनोट |
|---|---|---|---|---|
| लिम्बु | ६६ | १० | ७६ | ७४.५० |
| क्षेत्री | १५ | - | १५ | १४.७० |
| नेवार | ९ | २ | ११ | १०.७८ |
| जम्मा | ९० | १२ | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.५ मा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु मध्ये लिम्बू समुदायको ७४.५० प्रतिशत, क्षेत्री समुदायको १४.७० प्रतिशत र नेवार समुदायको १०.७८ प्रतिशत देखाइएको छ । यसरी हेर्दा सबैभन्दा बढी लिवम्बु समुदायको ७४.५० प्रतिशत र सबैभन्दा कम नेवार समदुाय रहेका छन् ।

## ४.२.५ वैवाहिक स्थिति (Marital Status)

बैदेशिक रोजगारीमा गएका युवायुवतीहरुको वैवाहिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका४.५**

**वैदेशिक रोजगारीमा सहभागीहरुको बैवाहिक स्थिति - २०७८**

| बैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जनसंख्या | नमुना छनोट |
|---|---|---|---|---|---|---|
| अविवाहित | २२ | २१.५६ | ३ | २.९४ | २५ | २४.५० |
| विवाहित | ६८ | ६६.६६ | ९ | ८.८२ | ७७ | ७५.५० |
| जम्मा | ९० | ८८.२२ | १२ | ११.७७ | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ५.५ बमोजिम अध्ययन क्षेत्रमा रोजगारीको लागि जाने अधिकांश विवाहित रहेका छन् । जसअनुसार वैदेशिक रोजगारीमा संलग्न मध्ये ७५.५० प्रतिशत विवाहित छन् भने २४.५० प्रतिशत अविवाहित रहेका छन् ।

## ४.३.६ परिवारको आकार (Size of Family)

एउटै घरमा बसोबास गर्ने र एउटै भान्सामा खाने, जन्म वा विवाहले एक आपसमा सम्बन्धित व्यक्तिहरुको समूह नै परिवार हो । अध्ययन क्षेत्रमा नमुनाको रुपमा छनोटमा परेका १०२ घरपरिवारको सदस्य संख्या तलको तालिकामा देखाइएको छ ।

**तालिका४.६**

**सदस्यको आधारमा परिवारको विवरण - २०७८**

| क्र.सं. | परिवारको आकार | घरपरिवार र संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ जनाको परिवार | १३ | १२.७४ |
| २ | ५-६ जना समूहको परिवार | ५७ | ५५.८८ |
| ३ | ७ जना भन्दा माथि | ३२ | ३१.३७ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका ५.६ मा ४ जनाको घरपरिवार सदस्य संख्या १३ अर्थात १२.७४ प्रतिशत रहेको पाइयो । त्यस्तै गरी ५ देखि ६ जना सम्मको घरपरिवारको संख्या ५७ अर्थात ५५.८८ प्रतिशत र ७ जना भन्दा माथि सदस्य संख्या रहकेको घरपरिवारको संख्या ३२ अर्थात् ३१.३७ प्रतिशत रहेको पाइयो । सबैभन्दा धेरै घर परिवार संख्या ५ देखि ६ जना संख्या रहेको पाइयो ।

## ४.३ आर्थिक अवस्था(Economic Status)

यस अध्ययनमा वैदेशिक रोजगारको लागि गएका व्यक्तिहरुको आर्थिक अवस्थाको अध्ययन र विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका १०२ घरपरिवारको वि.सं. २०६६ देखि २०७६ सम्म वैदेशिक रोजगारीमा गएर फर्किएका व्यक्तिहरुको आम्दानी विवरण र खर्च विवरणलाई विश्लेषण गरिएको छ ।

### ४.३.१ पेशा वा व्यवसाय (Occupation)

नमुना छनोटमा परेका वैदेशिक रोजगारमा संलग्न घरपरिवारको मुख्य पेशा व्यवसाय कृषि रहेको छ । धेरै मानिसहरुले कृषि व्यवसाय अङ्गाल्दै आएको पाइयो । वैदेशिक रोजगारको निम्ति बाहिरिएर फर्किएपछि अधिकांश कृषि पेशामा नै संलगन भएको पाइयो । नोकरीमा भने अति नै न्यून देखियो । व्यवापारमा भने ४ जना मात्रै संलग्न भएको पाइयो । जसलाई तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको पेसा व्यवसाय विवरण - २०७८**

| क.सं. | पेसा व्यवसाय | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि व्यवसाय | ८९ | ८९.९८ |
| २ | व्यापार | ४ | ३.९२ |
| ३ | नोकरी | २ | १.९६ |
| ४ | ज्याला मजदुरी | ७ | ६.८६ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका ४.७बाट १०२ घरपरिवार मध्ये कृषि व्यवसायमा ८९.९८ प्रतिशत सबैभन्दा बढी रहेको पाइयो । व्यापारमा ३.९२ प्रतिशत, नोकरीमा १.९६ प्रतिशत र ज्याला मजदुरीमा ६.८६ प्रतिशत संलग्न रहेको पाइयो ।

### ४.३.२ वैदेशिक रोजगारीमा हुँदा महिलाको तलब (Monthly Sallary During the Foreign Employment)

वैदेशिक रोजगारीको निम्ति मलेशिया, कतार, साउदी अरब र दुबइ गएका व्यक्तिहरुको महिनाको तलबलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.८**

**महिलाको तलब नेपाली रुपैयाँमा - २०७८**

| क.सं. | नेपाली रुपैया (हजारमा) | सदस्य संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २० देखि ३० हजार | ७ | ६.८७ |
| २ | ३० देखि ४० हजार | ३६ | ३५.२९ |
| ३ | ४० देखि ५० हजार | ४६ | ४५.०९ |
| ४ | ५० हजार भन्दा माथि | १३ | १२.७४ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका ४.८ मा वैदेशिक रोजगारीको निम्ति विदेश गएका व्यक्तिहरुको महिनाको तलब २० देखि ३० हजार हुने व्यक्तिहरुको संख्या ६.८७ प्रतिशत ३० देखि ४० हजार हुने व्यक्तिहरुको संख्या ३५.२९ प्रतिशत, ४० देखि ५० हजार तलब हुने व्यक्तिहरुको संख्या ४५.०९ प्रतिशत र ५० हजार भन्दा माथि तलब हुने व्यक्तिहरुको संख्या १२.७४ प्रतिशत रहेको पाइयो । सबैभन्दा बढी ४० देखि ५) हजार सम्म महिनाको तलब हुने व्यक्तिहरुको संख्या पाइयो ।

### ४.३.३ पारिवारिक आम्दानी (Family Income)

यस अध्ययनमा वैदेशिक रोजगारमा सहभागी घरपरिवारको आम्दानी देखाइएको छ । वैदेशिक रोजगारीमा सहभागी हुनेहरुको आम्दानीमा विविधता रहेको पाइयो । उक्त रोजगारीबाट प्राप्त आम्दानी र घरपरिवारको सदस्यहरुले गर्ने आम्दानीलाई जोडेर उनीहरुको पारिवारिक वार्षिक आम्दानी तथा औषत प्रतिव्यक्ति आम्दानीलाई देखाइएको छ । जुन निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.९**

**पारिवारिक आम्दानी विवरण - २०७८**

| क.सं. | आम्दानीका स्रोतहरु | आम्दानी रु | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ५७१००० | ९.२१ |
| २ | व्यापार | ८४४००० | २.४६ |
| ३ | नोकरी | ७२०००० | २.१० |
| ४ | वैदेशिक रोजगार | ८७००००० | ८३.७५६ |
| ५ | ज्याला मजदुरी | ८४०००० | २.४५ |
|  | जम्मा | ३४२६१००० | १०० |
|  | औषत प्रतिव्यक्ति आम्दानी | ३३५८९२ |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.९ मा स्रोतगत पारिवारिक आम्दानी विवरणलाई देखाइएको छ । कृषि तथा पशुपालनबाट रु.३१,५७,००० अर्थात् ९.२१ प्रतिशत, व्यापारबाट आम्दानी रु. ८४४००० अर्थात् २१.४६ प्रतिशत, नोकरबिाट प्राप्त आय रु. ७२०००० अर्थात् २.१० प्रतिशत, बैदेशिक रोजगारबाट रु. २८७,००,००० अर्थात् ८३.७६ प्रतिशत र ज्याला मजदुरीबाट आम्दानी रु. ८,४०,००० अर्थात् २.४५ प्रतिशत आम्दानी भएको देखिन्छ । सबैभन्दा बढी आम्दानी बैदेशिक रोजगारबाट भएको देखिन्छ भने औषत प्रतिव्यक्ति आम्दानी ३,३५,८९२ रहेको पाइयो ।

### ४.३.४ पारिवारिक खर्च(Family Expenditure)

यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको पारिवारिक खर्च विवरण देखाइएको छ । घरपरिवारको सदस्यहरुले गरेको खर्चलाई जोडेर वार्षिक खर्च तथा औषत प्रतिव्यक्ति खर्चलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१०**

**पारिवारिक खर्च विवरण - २०७८**

| क्र.सं. | खर्चका स्रोतहरु | खर्च रु | प्रतिशत |
|---|---|---|---|
| १ | खाना खर्च | ७३४४००० | ५२.७६ |
| २ | लत्ताकपडा | १५३०००० | १०.९९ |
| ३ | शिक्षा | १६३८००० | ११.७६ |
| ४ | स्वास्थ्य उपचार | ५१०००० | ३.६६ |
| ५ | पर्व तथा मनोरञ्जन | ५०४०००० | १४.६५ |
| ६ | कृषि तथा अन्य उत्पादन | ६०९००० | ४.३७ |
| ७ | यातायात | २४७००० | १.७७ |
|  | जम्मा | १३९१८००० | १०० |
|  | औषत प्रतिव्यक्ति खर्च | १३७४५० |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका ४.१० मा जम्मा १,३९,१८,००० पारिवारिक खर्च भएको पाइयो । जसमध्ये सबैभन्दा बढी रु.७३,४४,००० अर्थात ५२.७६ प्रतिशत खर्च खाद्यान्नमा भएको पाइयो भने सबैभन्दा कम यातायात खर्च २,४७,००० अर्थात् १.७७ प्रतिशत भएको पाइयो । वैदेशिक रोजगारीमा संघरपरिवारको औषत प्रतिव्यक्ति खर्च रु. १,३७,४५० भएको पाइयो ।

## ४.४ शैक्षिक अवस्था (Education Condition)

यस अध्ययनमा वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु मुख्य उद्देश्य रहेकोले वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरु साक्षर वा निरक्षर र उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ४.४.१ वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरु साक्षर निरक्षरको अवस्था (Individual Situation of Literacy and Non-literacy in Related to Foreign Employment)

सामान्यतया साक्षरताको अर्थ अक्षर वा लिपि चिन्न सक्नु, लेखपढ गर्न जान्नु लगायत गणनाको कार्य गर्न सक्नु भन्ने अर्था लाग्छ । युनेस्कोले दैनिक जीवनमा आइपर्ने लेखाई, पढाई र गणित सम्बन्धी कार्य गर्न सक्ने हुनु भनी परिभाषित गरेको छ । यसको विपरित निरक्षरता अक्षर वा लिपी चिन्न, लेखप गर्न लगायत गण्नाको कार्य गर्ननसक्नु भनने अर्थ लाग्छ । वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु साक्षर वा निरक्षर छन् भनी निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको साक्षर र निरक्षर विवरण - २०७८**

| क.सं. | शैक्षिक स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ८७ | ९६.६६ | १२ | १०० | ९ | ९७.०५ |
| २ | निरक्षर | ३ | ३.३३ | - | - | ३ | २.९५ |
| | जम्मा | ९० | १०० | १२ | १०० | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

माथिको तालिका ४.११ मा नमुना छनोटमा परेका व्यक्तिहरुको साक्षरता र निरक्षरताको अवस्था प्रस्तुत गरिएको छ । तालिका अनुसार कुल साक्षरता ९९ जना अर्थात् ९७.०५ प्रतिशत र निरक्षरता ३ जना अर्थात् २.९५ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा वैदेशिक रोजगारीको निम्ति विदेश जाने गरेका युवायुवतीहरुको साक्षरता धेरै रहेको पाइयो ।

## ४.४.२ नमुना छनोटमा परेका घरपरिवारको बालबालिका (Children of Sample Households)

यस अध्ययनमा बालबालिकाहरुको शैक्षिक प्रभावलाई विश्लेषण गर्न सर्वप्रथम नमुना छनोटमा परेको घरपरिवारमा बालबालिकाहरु कति रहेछन् भनी पत्ता लगाइएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**घरपरिवारमा रहेका बालबालिकाहरुको विवरण - २०७८**

| क.सं. | बालबालिका | घरपरिवार संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १ जना | ३७ | ३६.२८ | ३७ | २१.६३ |
| २ | २ जना | ६१ | ५९.८० | १२२ | ७१.३४ |
| ३ | ३ जना | ४ | ३.९२ | १२ | ७.०१ |
| ४ | ४ जना वा सो भन्दा माथि | - | - | - | - |
| | जम्मा | १०२ | १०० | १७१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१२ अनुसार १ जना बालबालिका भएको परिवार संख्या ३६.२८ प्रतिशत, २ जना बालबालिका रहेका घरपरिवार ५९.८० प्रतिशत र २ जना सम्म बालबालिका भएका घरपरिवार संख्या ३.९२ प्रतिशत रहेको पाइयो । जसमा कुल बालबालिकाको संख्या १७१ जना रहेको देखियो ।

### ४.४.३ विद्यालय जाने उमेर समूहका बालबालिका (Children of School Age Group)

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षाको तहगत संरचना र उमेर समूहलाई सिकाइ क्षमता स्तरका आधारमा निम्न तरिकाबाट प्रस्तुत गरेको छ ।

**तालिका ४.१३**

**तहगत रुपमा विद्यालय जाने उमेर समूह**

| विद्यालय तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्ष | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्ष | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्ष | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्ष | तह ४ |
| | कक्षा १०-१२ | १५ देखि १६ वर्ष | तह ५ |

स्रोत : राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ।

तालिका ४.१३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तयार पारेको तहगत रुपमा विद्यालय जाने बालबालिकाहरुको उमेर समूह देखाइएको छ । जहाँ प्रारम्भि काल विकास शिक्षा ४ वर्षबाट शुरु भई १६ वर्षसम्म विद्यालय शिक्षा उमेरको रुपमा प्रस्तुत गरिएको छ । यसै उमेरसमूह अनुरुप यस अध्ययन क्षेत्रका विद्यालय जाने

बालबालिकाहरुलाई एकमुष्टमा तलको तालिका ४.१४ मा प्रस्तुत गरिएको छ । तालिका ४.१३ को आधारमा विद्यालय जाने बालबालिकाहरुलाई निम्न तरिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४**

**अध्ययन क्षेत्रको विद्यालय जाने उमेरका बालबालिकाहरु - २०७८**

| | संख्या | प्रतिशत |
|---|---|---|
| बालक | ५९ | ५८.४१ |
| बालिका | ४२ | ४१.५९ |
| जम्मा | १०१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

तालिका ४.१३ मा विद्यालय जाने बालबालिका १०१ जना रहेका छन् । जसमध्ये बालक ५९ जना अर्थात् ५८.४१ प्रतिशत र बालिका ४२ जना अर्थात् ४१.५९ प्रतिशत बालबालिका रहेको पाइयो ।

### ४.४.४ अध्ययन क्षेत्रको बालबालिकाहरु अध्ययन गर्ने विद्यालय (Schools in the Study Area)

नमुना छनोटमा परेका बालबालिकाहरु अध्ययन गर्न सामुदायिक वा संस्थागत विद्यालय जाने गर्दछन भनी यस अध्ययनमा प्रस्तुत गरिएको छ । शिक्षा ऐन २०२८ को नवौं संशोधनको सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय र संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय भनि परिभाषित गरेको छ । अध्ययन क्षेत्रको बालबालिकाहरु सामुदायिक वा संस्थागत विद्यालय जाने गर्दछन् भनी निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**अध्ययन क्षेत्रको बालबालिकाहरु अध्ययन गर्ने विद्यालय - २०७८**

| क्र.स. | विद्यालय | विद्यार्थी | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिक | ९५ | ९४.०५ |
| २ | संस्थागत | ६ | ५.९५ |
| | जम्मा | १०१ | १०० |

स्रोत : अध्ययन सर्वेक्षण, २०७८ ।

माथिको तालिका ४.१४ मा अध्ययन क्षेत्रको बालबालिकाहरु ९४.०५ प्रतिशत सामुदायिक विद्यालयमा र ५.९५ प्रतिशत संस्थागत विद्यालयमा अध्ययन गरिएको पाइयो । अधिकांश विद्यार्थीहरु सामुदायिक विद्यालयमा नै अध्ययन गर्ने गरेको पाइयो ।

### ४.४.५ बालबालिकाहरु सामुदायिक विद्यालय पढाउनुको कारण (Causes of Enrollment in Government School)

नमुना छनोटमा परेका बालबालिकाहरु ९४.०५ प्रतिशत बालबालिकाहरु सामुदायिक विद्यालयमा अध्ययन गरेको पाइयो । यसको कारण खोज्ने क्रममा मुख्य गरेर दुईवटा कारण प्राप्त भयो । ती कारणहरु निम्न रहेका छन् ।

**) आर्थिक अवस्था कमजोर भएर**

सामुदायिक विद्यालय अध्ययन गर्ने कुल विद्यार्थी ९५ जना अर्थात ९४.०५ प्रतिशत मध्ये २७ जना अर्था २८..४२ प्रतिशत सामुदायिक विद्यालय अध्ययन गर्नुको कारण आर्थिक अवस्था कमजोर भएको कारण प्रस्तुत गरेको पाइयो ।

**) घरबाट नजिकै सामुदायिक विद्यालय भएकाले**

सामुदायिक विद्यालय अध्ययन गर्ने कुल विद्यार्थी मध्ये ६८ जना अर्थात् ७१.५७ प्रतिशत विद्यार्थीहरु सामुदायिक विद्यालय पढ्नुको कारण घरबाट नजिकै सामुदायिक विद्यालय भएको कारण प्रस्तुत गरेको पाइयो ।

### ४.४.६ बालबालिकाको पढाइमा अभिभावकको संलग्नता (Role of Parents on Child Education)

नमुना छनोटमा परेका कुल १०२ घरपरिवारको बालबालिकाहरुको पढाइप्रति अभिभावकहरुको पढाइप्रति अभिभावकहरुले बढी चासो देखाएको पाइयो । आफू विदेश गएर बढी दुःख पाएको गुनासो पोख्दै आफ्ना बालबालिकाहरुलाई राम्रो शिक्षादिक्षा भविष्यमा सुख पाउन भन्ने हेतुले गर्दा आफ्ना छोराछोरी पढाइमा बढी चासो राखेको पाइयो । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**आफ्नो बालबालिकाको पढाइमा अभिभावकको संलग्नता विवरण - २०७८**

| क्र.स. | दैनिक | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ घण्टा | २१ | २०.५८ |
| २ | २ घण्टा | ६७ | ६५.६८ |
| ३ | ३ घण्टा | १४ | १३.७५ |
| ४ | ४ घण्टाभन्दा माथि | - | - |
| | जम्मा | १०१ | १०० |

स्रोत : अध्ययन सर्वेक्षण, २०७८ ।

तालिका ४.१६ मा दैनिक रुपमा १ घण्टा आफ्ना बालबालिकाहरुलाई सहयोग गर्ने अभिभावकहरु २०.५८ प्रतिशत, त्यसैगरी दैनिक २ घण्टा सहयोग गर्ने ६५.६८ प्रतिशत र दैनिक ३ घण्टा सहयोग गर्ने अभिभावकहरु १३.७५ प्रतिशत रहेको पाइयो । सबैभन्दा बढी अभिभावकहरुले दैनिक रुपमा २ घण्टा आफ्नो बालबालिकाहरुलाई पढाइमा सहयोग गर्ने अभिभावकहरु बढी पाइयो ।

### ४.४.७ वैदेशिक रोजगारीबाट प्राप्त आयले बालबालिकाहरुको शैक्षिक क्षेत्रमा पुऱ्याएको सहयोग (Contribution of Foreign Employment to the Child Education)

नेपालको संविधान २०७२ मा आधारभूत शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक शिक्षालाई निःशुल्क उपलब्ध गराउने राज्यको दायित्वलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । स्तो अवस्थामा विदेशबाट प्राप्त विप्रेषणले बालबालिकाहरुको पोशाक खर्च, पुस्तक वा सामाग्री खर्च, खाजा खर्च र अन्य खर्च के कस्तो सहयोग पुऱ्याएको छ भनी यस अध्ययनमा विश्लेषण गरिएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**बालबालिकाहरुको शैक्षिक खर्च विवरण - २०७८**

| क्र.स. | खर्च विवरण | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | पोशाक खर्च | ५१०००० | ३१.१३ |
| २ | पुस्तक वा सामग्री खर्च | १०२००० | ६.२२ |
| ३ | खाजा खर्च | ९३०००० | ५६.७७ |
| ४ | अन्य खर्च | ९७००० | ५.८ |
| | जम्मा | १६३८००० | १०० |
| | औषत प्रतिव्यक्ति शैक्षिक खर्च | १६०५८ | |

स्रोत : अध्ययन सर्वेक्षण, २०७८ ।

तालिका ४.१७ मा बालबालिकाको शैक्षिक खर्चलाई देखाइएको छ । उक्त तालिकामा जम्मा खर्च १६,३८,००० खर्च भएकोपाइयो । जसमध्ये पोशाक खर्च, ३१.१३ प्रतिशत, पुस्तक वा सामग्री खर्च ६.२२ प्रतिशत, खाजा खर्च, ५६.७७ प्रतिशत र अन्य खर्च ५.८६ हुने गरेको पाइयो । सबैभन्दा बढी खाजा खर्च ५६.७७ प्रतिशत रहेकोपाइयो भने औषत प्रतिव्यक्ति शैक्षिक खर्च १६,०५८ रहेको पाइयो ।

### ४.५ साराश (Summary)

तेह्रथुम जिल्लाको छथर गाउँपालिका वडा नं. १ बाट २०६६ सालदेखि २०७६ सालसम्म वैदेशिक रोजगारमा गएका राष्ट्रहरु मलेशिया, कतार, साउदी अरब र दुबई गएका २५५ मध्ये ४० प्रतिशतलाई नमुना छनोटका रुपमा जम्मा १०२जनालाई मिश्रित अनुसन्धान विधिमा आधारित भएर अध्ययन गरिएको छ ।

आफू र आफ्नो सुन्दर भविष्यको परिकल्पना गर्दै विदेशिने युवाहरुको वर्तमान अवस्था कस्तो छ र प्राप्त आम्दानीले बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् र वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा कस्तो प्रभाव पारेको छ भनी पत्ता लगाउनु । यस अध्यनको प्रमुख उद्देश्य रहेको छ । यस शोधको सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. यस शोधपत्र तेह्रथुम जिल्लाको छथर गाउँपालिका वडा नं. १ लाई अध्ययनमा समेटिएको छ ।

२. यस अनुसन्धानको उद्देश्य अध्ययन क्षेत्रको वैदेशिक रोजगारीको वर्तमान अवस्था पत्ता लगाउनु र वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु रहेको छ ।

३. यस अनुसन्धानमा वैदेशिक रोजगारको सिलसिलामा वि.सं २०६६ देखि २०७६ सम्म कम्तिमा १० वर्ष बसेर फर्केका व्यक्तिहरुलाई मात्र समावेश गरिएको छ । साथै वैदेशिक रोजगारीका लागि मलेशिया, कतार, साउदी अरब र दुबई जाने व्यक्तिहरुलाई मात्र समेटिएको छ ।

४. यो अनुसन्धान मिश्रित ढाँचामा आधारित छ । अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्यांक संकलन गरिएके छ भने श्रम मन्त्रालय, अर्थमन्त्रालय, केन्द्रीय तथ्यांक विभाग, वैदेशिक रोजगार विभाग, पूर्व प्रकाशित लेख रचनाहरु, पत्रपत्रिका, पुस्तकहरुलाई द्वितीय तथ्यकोरुपमा लिइएको छ ।

५. नमुना छनोटमा वैदेशिक रोजगारमा गएका कुल २५२ व्यक्तिहरुमध्ये ४० प्रतिशत गरी जम्मा १०२ जना जसमा पुरुष ९० जना र महिला १२ जना लिइएको छ ।

६. वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरु सबैभन्दा बढी ३० देखि ३९ वर्ष उमेर समूहको व्यक्तिहरु ४८.०३ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम ४० देखि ४३ वर्षका १८.६२ प्रतिशत रहेको पाइयो ।

७. वैदेशिक रोजगारीमा जाने सबैभन्दा बढी लिम्बु जाति ७४.५० प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम नेवा जाति १०.७८ प्रतिशत रहेको पाइयो ।

८. वैदेशिक रोजगारको निम्ति विदेश जाने युवायुवतीरु विवाहित ७५.५० प्रतिशत रहेको पाइयो भने अविवाहित २४.५० प्रतिशत विदेश गएको पाइयो ।

९. विदेश जाने घरपरिवारको आकार ५ देखि ६ जना सम्मको परिवार ५५.८८ प्रतिशत रहेको पाइयो भने ४ जना सम्मको परिवारको आकार १२.७४ प्रतिशत रहेको पाइयो ।

१०. वैदेशिक रोजगारमा संलग्न घरपरिवारको पेशा व्यवसाय सबैभन्दा बढी कृषि तथा पशुपालनमा ८९.९८ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम १.९६ प्रतिशत नोकरीमा संलग्न पाइयो ।

११. वैदेशिक रोजगारीमा हुँदा महिलाको तलब सबैभन्दा बढी ४० हजार देखि ५० हजारसम्म नेपाली रुपैयाँ कमाउनेको संख्या ४५.०९ प्रतिशत रहेको पाइयो भने सबैभन्दा न्यून २० देखि ३० हजार सम्म नेपाली रुपैया कमाउने ६.८७ प्रतिशत रहेको पाइयो ।

१२. वैदेशिक रोजगारीमा सहभागी घरपरिवारको आम्दानीको स्रोत कुल रु.३,४२,६१,००० रहेको पाइयो । सबैभन्दा बढी वैदेशिक रोजगारबाट ८३.७६ प्रतिशत रहेको पाइयो भने औषत प्रतिव्यक्ति आय ३,३५,८९२ रहेको पाइयो ।

त्यसैगरी वैदेशिक रोजगारमा सहभागी घरपरिवारको कुल खर्च सबैभन्दा उच्च खाद्यान्न खर्चमा ५२.७२ प्रतिशत र न्यून यातायात खर्च १.७७ प्रतिशत रहेको पाइयो भने औषत प्रतिव्यक्ति १,३७,४५० रहेको पाइयो ।

१३. वैदेशिक रोजगारमा संलग्न ९७.०५ प्रतिशत साक्षर र२.९५ प्रतिशत निरषर रहेको पाइयो ।

१४. नमुना छनोटमा परेका कुल बालबालिकाहरु १७१ जना मध्ये १०१ जना विद्यालय जाने उमेर समूहका बालबालिका पाइयो जहाँ ५८.४१ प्रतिशत बालक र ४१.५९ प्रतिशत बालिका रहेको पाइयो ।

१५. अध्ययन क्षेत्रको बालबालिकाहरु ९४.०५ प्रतिशत सामुदायिक विद्यालयमा र ५.९५ प्रतिशत सस्थागत विद्यालय जाने गरेको पाइयो ।

१६. सबैभन्दा बढी सामुदायिक विद्यालय पढाउनुकोकारण आर्थिक अवस्था कमजोर भएर २८.४२ प्रतिशत र घरबाट नजिकै सामुदायिक विद्यालय भएको कारणले ७१.५६ प्रतिशत रहेको पाइयो ।

१७. बालबालिकालाई पढाइमा अभिभावकले गर्ने दैनिक सहयोग ६५.६८ प्रतिशतले २ घण्टा २०.५८ प्रतिशतले दैनिक १ घण्टा र १३.७५ प्रतिशतले दैनिक ३ घण्टा सहयोग गरेको पाइयो ।

१८. बालबालिकाको शैक्षिक खर्च वार्षिक रुपमा कुल १६,३८,००० रहेको पाइयो भने पोशाक खर्च ३१.१३ प्रतिशत, पुस्तक वा सामग्री खर्च ६.२२ प्रतिशत, खाजा खर्च ५६.७७ प्रतिशत र अन्य खर्चको रुपमा ५.८६ प्रतिशतको रुपमा हेर्ने गरेको पाइयो । जसमा औषत प्रतिव्यक्ति शैक्षिक खर्च रु.१६,०५८ रहेको पाइयो ।

# अध्याय पाँच (Chapter Five)

## ५. निष्कर्ष र सुझाव (Conclusion and Recommendation)

### ५.१ निष्कर्ष(Conclusion)

यस अध्ययनमा वैदेशिक रोजगारको निम्ति मलेशिया, कतार, साउदी अरब र दुबइ गएका युवाहरुको वर्तमान अवस्था र वैदेशिक रोजगारीले बालबालिकाको शिक्षमा पारेको प्रभावलाई विश्लेषण गरिएको छ । अध्ययनको क्रमबाट निकालिएको निष्कर्षलाई यहाँ प्रस्तुत गरिएको छ ।

१. वैदेशिक रोजगारीको लागि २०६६ सालदेखि २०७६ सालसम्म मलेशिया, कतार, साउदी अरब र दुबई गएका २० वर्ष देखि ४९ वर्ष सम्मका पुरुष तथा महिलाको अवस्थालाई विश्लेषण गरिएको छ ।

२. विदेशिएका अधिकांश युवायुवतीहरु शारीरिक श्रममा नै संलग्न रहेको पाइयो जसले गर्दा न्यून तलब हुने गरेको पाइयो ।

३. वैदेशिक रोजगारको लागि हिला भन्दा पुरुष बढी विदशिने गरेको पाइयो साथै विवाह बन्धनमा बाधिएपछि नै बढी रोजगारको निम्ति विदेशिने गरेको पाइयो ।

४. वैदेशिक रोजगारको निम्ति उच्च संख्या मात्रामा विदेशिने जनजातिहरु नै रहेको पाइयो ।

५. विदेशबाट प्राप्त आय सबैभन्दा बढी उपभोगको क्षेत्रमा प्रयोग भएको पाइयो ।

६. वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीले उनीहरुको आर्थिक क्षेत्रमा सकरात्मक सहयोग पुगेको र उनीहरुको बालबालिकाको शिक्षामा समेत सुधार आएको पाइयो ।

७. विदेशबाट फर्किएपछि धेरै व्यक्तिहरु कृषि पेशामा र पशुपालनमा संलग्न भएको पाइयो ।

८. सामान्यतया साक्षर युवायुवती धेरै विदेशिने गरेका तर उनीहरुसँग पूर्व सीप नै नसिकी श्रम गर्न जाने गरेको पाइयो ।

९. वैदेशिक रोजगारीले गर्दा उनीहरुको बालबालिकाहरुमा हुने शैक्षिक खर्चमा राम्रो सहयोग गरेको पाइयो ।

१०. बालबालिकाहरु आर्थिक अवस्था कमजोर भएर भन्दा पनि घरबाट नजिक पर्ने कारणले गर्दा सामुदायिक विद्यालय जाने गरेको पाइयो ।

११. औषत प्रतिव्यक्ति पारिवारिक आम्दानी रु. ३,३५,८९२, ओषत प्रतिव्यक्ति पारिवारिक खर्च रु.१,३७,४५० र औषत प्रतिव्यक्ति बालबालिकाहरुको शैक्षिक खर्च रु.१६,०५८ रहेको पाइयो भने वार्षिक बचत रु.१,९८,४४२ रहेको पाइयो ।

## ५.२सुझाव (Recommendation)

यस अध्ययनका सुझाव प्रस्तुत गर्ने क्रममा मुख्य गरेर नीतिगत सुझाव र व्यवहारिक सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत सुझाव (Policy Related Recommendation)

१. वैदेशिक रोजगार ऐन नियमलाई समय सापेक्ष संशोधन गरी जनमुखि बनाउनु पर्ने ।

२. हाल नेपालमा फ्रि टिकट, फ्रि भिसाा भने पनि यसलार्य नियममा नै उल्लेख गरी कार्यान्वयन गरिनु पर्दछ ।

३. म्यानपावर कम्पनीहरुले वैदेशिक रोजगारमा जाने कामदारहरुलाई काम, तलब, ओभरटाइम सुविधा जस्ता कुराहरु स्पष्ट रुपमा अवगत गराउनु पर्दछ ।

४. विदेश जाने क्रममा ठगी गर्ने व्यक्तिहरुलाई कडा कारवाही र ठगिने व्यक्तिहरुलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने साथै वैदेशिक रोजगारीको विदेशिने युवाहरुको सरकारबाट जीवनबमा उपलब्ध गराउनु पर्दछ ।

### ५.२.२ व्यवहारिक सुझावहरु (Practice Related Recommendations)

१. विदेशबाट प्राप्त आम्दानीलाई उपभोगको क्षेत्रमा भन्दा पनि उत्पादनमूलक क्षेत्रमा बढी प्रयोग गर्नुपर्ने ।

२. विदेशबाट फर्किएका युवायुवतीहरु बढीभन्दा बढी कृषि पेशामा नै संलग्न रहेको कारण कृषि पेशामा आधुनिकीकरण गरी न्यून लागत र उच्च उत्पादनमा जोड दिनुपर्ने ।

३. बालबाकिलाहरुको शैक्षिक स्थिति उच्च बनाउन विद्यालय लगायत अभिभावकहरुले पनि पर्याप्त मात्रामा सहयोग गर्नुपर्ने ।

४. वैदेशिक रोजगारमा जानुभन्दा पहिले सीप सिकेपछि मात्र जाने जसले गर्दा श्रमको उचित मूल्यांकन भई राम्रो तलबमान कायम हुने गर्दछ ।

५. रोजगारीको वातारण देशमा नै सिर्जना गरी वैदेशिक रोजगारीको विकल्प खोजिनु पर्दछ ।

### ५.२.३आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Future Research Related Recommendations)

१. वैदेशिक रोजगारीले बालबालिकाको शिक्षामा पारेको प्रभाव मात्र यस शोधपत्रमा समावेश गरिएको छ भने आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको अध्ययन गर्न सकिने छ ।

२. बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्रदान गर्न वैदेशिक रोजगारीले खेल्ने भूमिका सम्बन्धी अनुभवी व्यक्तिहरु, बुद्धिजिवीहरु र कानुनविदहरुसँग परामर्श गरी अनुसन्धन गर्न जरुरी देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


अर्थमन्त्रालय (२०७७), *आर्थिक सर्वेक्षण २०७६/७७,* काठमाडौं : अर्थमन्त्रालय सिंहदरबार ।

कानुनकिताबव्यवस्था समिति (२०६४), *वैदेशिक रोजगार ऐन २०६४,* काठमाडौं : कानुनकिताबव्यवस्था समिति, बबरमहल ।

कुमारी, खुश्बु (२०७०), *वैदेशिक रोजगार र यसको सामाजिकआर्थिक प्रभाव,* अप्रकाशितशोधपत्र, समाजशास्त्रीय केन्द्रीयविभाग, कीर्तिपुर ।

कँडेल, लेखनाथ (२०७३), *वैदेशिक रोजगारीले स्थानीयआर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

जिल्लाविकास समिति (२०७७), वार्षिक जिल्लाविकास योजना, आर्थिक वर्ष २०७६/७७, सूचनातथाअभिलेख केन्द्र, तेह्रथुम ।

दाहाल, महेशराज, कुसियैत, विनयकुमार र खनाल, वासुदेव (२०६९), *विकास र शिक्षाको अर्थशास्त्र,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पाण्डे, नमिता (२०७३), *विप्रेषणले वैदेशिक रोजगारीमा संलग्नमहिलाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

पौडेल, मीनप्रसाद (२०७५), *नेपालको अर्थव्यवस्था,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पोखरेल, ममता (२०७२), *वैदेशिक रोजगारबाट प्राप्तविप्रेषणले आर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

बाँजी, चन्द्रविक्रम (२०७६), *वैदेशिक रोजगारीले उनीहरुको घरपरिवारको आर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

बुढा, शेरबहादुर (२०७२), *वैदेशिक रोजगाले स्थानीयआर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

युवातथा खेलकुदमन्त्रालय (२०७५), *युवा रोजगारीको अवस्था सम्बन्धीअध्ययनप्रतिवेदन,* काठमाडौं : स्वशासनअध्ययन प्रतिष्ठान, बानेश्वर ।

राष्ट्रिय योजनाआयोग (२०७६), पन्ध्रौं योजना २०७६।७७-२०८०।८१, काठमाडौं : राष्ट्रिय योजनाआयोग, सिंहदरबार ।

राष्ट्रिय योजनाआयोग (२०७७), *वार्षिक प्रतिवेदनआ.व. २०७६।०७७,* काठमाडौं : राष्ट्रिय योजनाआयोग, सिंहदरबार ।

सिग्देल, पिताम्बर (२०७४), *वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमापारेको प्रभाव,* अप्रकाशितशोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, अर्थशास्त्रशिक्षाविभाग, कीर्तिपुर ।

श्रम तथायातायातव्यवस्थामन्त्रालय (२०५७), वैदेशिक रोजगार नीति (२०६८), काठमाडौं : श्रम तथायातायातव्यवस्थामन्त्रालय, सिंहदरबार ।

हिमालखबर (२०७६),*वैदेशिक रोजगार अभिशप्त नेपाली, टुलुटुलु सरकार,* २०७६ माघ ९,https://www.himalkhabar.com/news/11110

# अनुसूची १

## वैदेशिक रोजगारीमा समावेश भई फर्किएकाव्यक्तिहरुकालागिप्रश्नवाली

**(क) व्यक्तिगतविवरण :**

जिल्ला :. तेह्रथुम गा.पा.: छथर वडा नं. : १

नाम थर :.................................. लिङ्ग : ...................

उमेर :................................ धर्मः.......................................

बैवाहिक स्थिति :..................... जातः....................................

शिक्षाः...................................... परिवारको संख्या :..........................

पेशा :....................................... भाषा :..........................................

वैदेशिक रोजगारीमागएको देश :..............................

वैदेशिक रोजगारीमाकाम गरेको वर्ष :...............................

**(ख) पारिवारिक विवरण :**

१. तपाईको परिवारको विवरण उल्लेख गर्नुहोस ।

| क्र.स. | नामथर | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२.	वैदेशिक रोजगारीमाहुँदामहिनाको तलब  नेपाली रुपैया कतिथियो ?

क. २० देखि ३० हजार		ख. ३० देखि ४० हजार

ग. ४० देखि ५० हजार		घ. ५० हजार भन्दामाथि

३.	विदेशबाटकमाएको पैसाले घर खर्च चल्छ किचल्दैन ?

क. ठिक्क हन्छ		ख. बचत हन्छ

ग. पुग्दैन

४.	हालविदेशबाटफर्किएपछि कुन पेशामा आवद्ध हुनुहुन्छ ?

क. कृषि		ख.व्यापार

ग. अन्यभए..........................

**(ग) निम्नशीर्षकबाट परिवारको वार्षिक आम्दानी र खर्च कति हुन्छ ?**

| क.स. | आम्दानीविवरण | रकम रु. | क.स. | खर्च विवरण | रकम रु. |
|---|---|---|---|---|---|
| १ | कृषितथापशुपालन | | १ | खानाखर्च | |
| २ | उद्योग तथाव्यापार | | २ | लत्ताकपडा | |
| ३ | नोकरी तथा पेन्सन | | ३ | शिक्षा | |
| ४ | वैदेशिक रोजगार | | ४ | स्वास्थ्यउपचार खर्च | |
| ५ | ज्यालामजदुरी | | ५ | पर्व तथामनोरञ्जन | |
| ६ | अन्य | | ६ | कृषितथाअन्यउत्पादन | |
| | | | ७ | यातायात | |
| | जम्मा | | | जम्मा | |

**घ. बालवालिकाहरुको शैक्षिकअवस्था :**

१.	तपाईको परिवारमाकतिजनाबालबालिकाहरु छन ?

क. १जना		ख. २ जना

ग. ३ जना घ. ४ वा सो भन्दा बढी

२. तपाईको परिवारमाविद्यालयजाने बालबालिकाहरु कति छन ?

क. १जना ख.२ जना

ग.३ जना घ.४ वा सो भन्दा बढी

३. आफ्नो बालबालिकाहरुलाई कुनविद्याालय पढाउनु हुन्छ ?

क. सामुदायिक ख. संस्थागत

**अ. सामुदायिकविद्यालय पढाउनुको कारण :**

क. घरबाट नजिकै सामुदायिकविद्यालयभएकाले ।

ख. संस्थागतविद्यालयको पठनपाठन राम्रो नभएकोले ।

ग.आर्थिक अवस्थाकमजोर भएकाले ।

घ.अन्यभए.................................................।

**आ.संस्थागतविद्यालय पढाउनुको कारण :**

क.अरुको छोराछोरी संस्थागतविद्यालय पढन गएको देखेर ।

ख.सामुदायिकविद्यालयको पठनपाठन राम्रो नभएकोले ।

ग.आर्थिक अवस्था राम्रो भएर

घ.अन्यभए.................................................।

४. विदेशबाटकमाउनु भएको पैसाले आफ्नाबालवालिकाहरुको शिक्षामा सहयोग पुगेको छ ?

क. छ ख. छैन

अ. सहयोग गरेको भए के-के कुरामा सहयोग गरेको छ ?

क.......................................................

ख.......................................................

ग.......................................................

घ.......................................................

आ. सहयोग गरेको छैन भने कारणहरु उल्लेख गर्नुहोस ।

क.......................................................

ख.......................................................

ग.......................................................

घ.......................................................

५. आफनाबालवालिकाहरुलाई नियमितविद्यालय पठाउँनु हुन्छ ?

क.पठाउँछौ ख. कहिलेकाहि

ग.पठाउँदैनौ घ. विद्यालयजानमान्दैन्न

६. आफनाबालवालिकाहरुलाई पढाइ खर्च वार्षिक कति हुन्छ ?

क.१० हजार ख. १५ हजार

ग.२० हजार घ. २० हजार भन्दामाथि

७. तपाईआफ्नाबालवालिकाहरुको पढाइमा सहयोग गर्नुहुन्छ ?

क.गर्छौ ख.गर्दैनौ

अ. गर्नु हुन्छभन्ने दैनिककति घण्टा सहयोग गर्नुहुन्छ ?

क.१ घण्टा ख. २ घण्टा

ग.३ घण्टा घ .४ घण्टा भन्दामाथि

आ. गर्नु हुन्नभने के कारणहरुले सहयोग गर्न पाउनु भएन?

क.................................................ख..............................
..........................

ग...................................................

घ......................................................

८. निम्नशिर्षकबाट बालवालिकाहरुको शैक्षिकखर्च कति हुन्छ ?

| क.स. | खर्च विवरण | रकम रु. |
|---|---|---|
| १ | पोशाकखर्च | |
| २ | पुस्तक सामाग्रीखर्च | |
| ३ | खाजाखर्च | |
| ४ | अन्यखर्च | |

# अनुसूची २

## वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको बुदाँगत रुपमाअवलोकन सुची

१. घरको अवस्था कस्तो छ ?

२. बालवालिकाहरुको बोलीचाली,सरसफाईको अवस्था कस्तो छ ?

३. शौचालयको व्यवस्थागरिएको छ/छैन ?

४. खानेपानीको धारा प्रत्येक घरमाउपलब्ध छ/छैन ?